अख्तियार दुरुपयोग अनुसन्धान आयोग
टङ्गाल, काठमाडौं

मितिः २०८१।११।२० गते।

प्रेस विज्ञप्ति

विषयः ललिता निवास क्याम्प भित्रको सरकारी सार्वजनिक जग्गा गैरकानूनी रुपमा व्यक्ति तथा संस्था बिशेषको नाममा कायम गरी भ्रष्टाचार गरेको मुद्दामा प्रतिवादी कलाधर देउजासमेत रहेको विशेष अदालतबाट भएको फैसलाउपर आयोगलाई चित्त नबुझी सम्मानित सर्वोच्च अदालतमा पुनरावेदन गरिएको।

१. अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट देहाय बमोजिमका प्रतिवादीहरु उपर निम्न अनुसारको मागदाबी लिई बिशेष अदालत, काठमाडौंमा मिति २०७६।१०।२२ गते आरोपपत्र दायर गरिएको।

देहायः

क्र.स.	नाम	बिगो	सजायको मागदावी
१	कलाधर देउजा	२,२६,८५,५००।	सावित भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १३, सोही ऐनको दफा ६ र भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को देहाय खण्ड (ज), सोही ऐनको दफा ५ को उपदफा (१) र सोही ऐनको दफा १७ बमोजिमको कसुर गरेको। सावित भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १३, सोही ऐनको दफा ६ र प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ५ को उपदफा (१), सोही ऐनको दफा ८ को उपदफा (१) र सोही ऐनको दफा १७ ले निर्देश गरे बमोजिम दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को खण्ड (झ) बमोजिमको सजाय गरी सोही ऐनको दफा ५ को उपदफा (१), दफा ८ को उपदफा (१) र दफा १७ बमोजिम बिगो असुल उपर/जफत हुन।
२	सुरेन्द्रमान कपाली		
३	मुकुन्द प्रसाद आचार्य	७५,१०,०००।-	सावित भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १३, सोही ऐनको दफा ६ र भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को देहाय खण्ड (ज), सोही ऐनको दफा ५ को उपदफा (१) र सोही ऐनको दफा १७ बमोजिमको कसुर गरेको हुँदा यी व्यक्तिको मृत्यु भइसकेको भन्ने संलग्न कागजातबाट देखिंदा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १३३ बमोजिम सजाय नहुने भएकाले सावित भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ६, दफा १३ र भ्रष्टाचार निवारण ऐन, २०५९ कोदफा ५ को उपदफा (१), दफा ८ को उपदफा (१) र दफा १७ बमोजिम बिगो असुल उपर/जफत हुन।
४	जगत प्रसाद पुडासैनी	२,२६,८५,५००।	
५	धर्म प्रसाद गौतम	७८,२४,२००।-	सावित भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १३, सोही ऐनको दफा ६ र भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को देहाय खण्ड (ज), सोही ऐनको दफा ५ को उपदफा (१) र सोही ऐनको दफा १७ बमोजिमको कसुर गरेको। सावित भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १३, सोही ऐनको दफा ६ र प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ५ को उपदफा (१), सोही ऐनको दफा ८ को उपदफा (१) र सोही ऐनको दफा १७ ले निर्देश गरे बमोजिम दफा ३ कोउपदफा (१) र दफा ३ को उपदफा (१) को खण्ड (ज) बमोजिमको सजाय गरी सोही ऐनको दफा ५ को उपदफा (१), दफा ८ को उपदफा (१) र दफा १७ बमोजिम बिगो असुल उपर/जफत हुन।
६	युक्त प्रसाद श्रेष्ठ	२,२९,५७,४००।-	सावित भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १३, सोही ऐनको दफा ६ र भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को देहाय खण्ड (ज), सोही ऐनको दफा ५ को उपदफा (१) र सोही ऐनको दफा १७ बमोजिमको कसुर

			गरेको हुँदा साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १३, सोही ऐनको दफा ६ र प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ५ को उपदफा (१), सोही ऐनको दफा ८ को उपदफा (१) रसोही ऐनको दफा १७ ले निर्देश गरे बमोजिम दफा ३ कोउपदफा (१) र दफा ३ को उपदफा (१) को खण्ड (झ) बमोजिमको सजाय गरी सोही ऐनको दफा ५ को उपदफा (१), दफा ८ को उपदफा (१) र दफा १७ बमोजिम बिगो असुल उपर/जफत हुन।
७	रुद्र कुमार श्रेष्ठ	१३,२३,७२,०००।-	भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को देहाय खण्ड (ज) र सोही ऐनको दफा १७ बमोजिमको कसुर गरेको। भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) र सोही ऐनको दफा १७ ले निर्देश गरे बमोजिम दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को खण्ड (झ)बमोजिमको सजाय गरी सोही ऐनको दफा ८ को उपदफा (१) र दफा १७ बमोजिम बिगो असुल उपर/जफत हुन।
८	पुष्पराज उपाध्याय		
९	इन्द्रप्रसाद ढुङ्गाना		
१०	टिकाराम घिमिरे	१३,६५,७२,०००।-	भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को देहाय खण्ड (ज) र सोही ऐनको दफा १७ बमोजिमको कसुर गरेको। भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) र सोही ऐनको दफा १७ ले निर्देश गरे बमोजिम दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को खण्ड (झ)बमोजिमको सजाय गरी सोही ऐनको दफा ८ को उपदफा (१) र दफा १७ बमोजिम बिगो असुल उपर/जफत हुन।
११	टिका बहादुर बि.सी.	१३,२३,७२,०००।-	भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को देहाय खण्ड (ज) र सोही ऐनको दफा १७ बमोजिमको कसुर गरेको। भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) र सोही ऐनको दफा १७ ले निर्देश गरे बमोजिम दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को खण्ड (झ)बमोजिमको सजाय गरी सोही ऐनको दफा ८ को उपदफा (१) र दफा १७ बमोजिम बिगो असुलउपर/जफत हुन।
१२	जीवनाथ पोखरेल		
१३	अर्जुन प्रसाद भण्डारी	१३,२३,७२,०००	भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को देहाय खण्ड (ज) र सोही ऐनको दफा १७ बमोजिमको कसुरमा सोही ऐनको दफा २२ बमोजिमको मतियारको कसुर गरेकोले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को देहाय खण्ड (ज) र सोही ऐनको दफा १७ बमोजिमको कसुरमा सोही ऐनको दफा २२ बमोजिमको सजाय हुन।
१४	मोहम्मद साबिर हुसैन	४२,००,०००।-	भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को देहाय खण्ड (ज) र सोही ऐनको दफा १७ बमोजिमको कसुर गरेको। भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) र सोही ऐनकोदफा १७ ले निर्देश गरे बमोजिम दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को खण्ड(छ)बमोजिमको सजाय गरी सोही ऐनको दफा ८ को उपदफा (१) र दफा १७ बमोजिम बिगो असुल उपर/जफत हुन।
१५	श्रीहरि पुडासैनी		
१६	श्याम कुमार क्षेत्री		
१७	हरिकृष्ण तिमल्सिना	३२,१९,२०,०००।-	भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को देहाय खण्ड (ज) र सोही ऐनको दफा १७ बमोजिमको कसुर गरेको। भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) र सोही ऐनको दफा १७ ले निर्देश गरे बमोजिम दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को खण्ड (झ)बमोजिमको सजाय गरी सोही ऐनको दफा ८ को उपदफा (१) र दफा १७ बमोजिम बिगो असुल उपर/जफत हुन।
१८	कृष्णप्रसाद पौडेल		
१९	प्रकाश नारायण भट्ट		
२०	टंकनाथ पौडेल		
२१	परशुराम पोखरेल	३२,१९,२०,०००।-	भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को देहाय खण्ड (ज) र सोही ऐनको दफा १७ बमोजिमको कसुर गरेको यी व्यक्तिको मृत्यु भइसकेको भन्ने संलग्न कागजातबाट देखिंदा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १३३ बमोजिम सजाय नहुने भएकाले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) र दफा १७ बमोजिम बिगो असुल उपर/जफत हुन।
२२	प्रेम बहादुर खापुङ्ग	९,६५,७६,०००।-	भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को देहाय खण्ड (ज) र सोही ऐनको दफा १७ बमोजिम कसुरको सोही ऐनको दफा २२ बमोजिम मतियारको कसुर गरेको। भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) र सोही ऐनकोदफा १७ ले निर्देश गरे बमोजिम दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को खण्ड (झ)बमोजिमको सजायमा सोही ऐनको दफा २२ बमोजिम सजाय हुन।
२३	अर्जुन खतिवडा		
२४	शंकर प्रसाद सुवेदी		
२५	अंगुर कुमार सिग्देल		
२६	केदार प्रसाद श्रेष्ठ		
२७	कमल घिमिरे	३२,१९,२०,०००।-	भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को देहाय खण्ड (ज) र सोही ऐनको दफा १७ बमोजिमको कसुर गरेको। भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) र सोही ऐनको दफा १७ ले निर्देश गरे बमोजिम दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को खण्ड (झ)बमोजिमको
२८	देव बहादुर लामिछाने		
२९	भरतचन्द्र अर्याल		

			सजाय गरी सोही ऐनको दफा ८ को उपदफा (१) र दफा १७ बमोजिम बिगो असुल उपर/जफत हुन
३०	जनक बहादुर भण्डारी	९,६५,७६,०००।-	भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को देहाय खण्ड (ज) र सोही ऐनको दफा १७ बमोजिमको कसुरको दफा २२ बमोजिम मतियारको कसुर गरेको। भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) र सोही ऐनको दफा १७ ले निर्देश गरे बमोजिम दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को खण्ड (झ) बमोजिमको सजायमा सोही ऐनको दफा २२ बमोजिम सजाय हुन।
३१	हुपेन्द्रमणि के.सी	३०,३९,९६,०००।-	भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को देहाय खण्ड (ज) र सोही ऐनको दफा ९ र १७ बमोजिमको कसुरको कसुरमा सोही भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) र सोही ऐनको दफा १७ ले निर्देश गरे बमोजिम दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को खण्ड (झ) बमोजिमको सजायमा गरी सोही ऐनको दफा ८ को उपदफा (१) र दफा १७ बमोजिम बिगो असुल उपर/जफत हुन।
३२	जीत बहादुर थापा	९,६५,७६,०००।-	
३३	छविराज पन्त	९,६५,७६,०००।-	भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को देहाय खण्ड (ज) र सोही ऐनको दफा ९ र १७ बमोजिमको कसुरमा सोही ऐनको दफा ८ को उपदफा (१) र दफा ३ को उपदफा (१) र दफा १७ ले निर्देश गरे बमोजिम दफा ३ को उपदफा (१) र दफा ३ को उपदफ (१) को खण्ड(झ) र दफा २४ बमोजिम सजाय गरी सोही ऐनको दफा ८ को उपदफा (१) र दफा १७ बमोजिम बिगो असुल उपर/जफत हुन।
३४	डम्बर श्रेष्ठ		
३५	राजेन्द्रमान श्रेष्ठ	९,६५,७६,०००।-	भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को देहाय खण्ड (ज) र सोही ऐनको दफा ९ र १७ बमोजिमको कसुरमा सोही ऐनको दफा ८ को उपदफा (१) र सोही ऐनको दफा १७ ले निर्देश गरेबमोजिम दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को खण्ड(झ) र दफा ९ बमोजिम सजाय गरी सोही ऐनको दफा ८ को उपदफा (१) र दफा १७ बमोजिम बिगो असुल उपर/जफत हुन।
३६	वालकृष्ण श्रेष्ठ		
३७	सुरोजराज राजकर्णिकार		
३८	अशोकनाथ उप्रेती		
३९	विनोद कुमार गौतम		
४०	दीप बस्न्यात	९,६५,७६,०००।-	भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को देहाय खण्ड (ज), सोही ऐनको दफा ९ र दफा १७ बमोजिमको कसुर गरेको। भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) र सोही ऐनकोदफा १७ ले निर्देश गरे बमोजिम दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को खण्ड (झ), सोही ऐनको दफा ९ र दफा २४ बमोजिमको थप सजाय गरी सोही ऐनको दफा ८ को उपदफा (१) र दफा १७ बमोजिम बिगो असुल उपर/जफत हुन।
४१	विजय कुमार गच्छदार	९,६५,७६,०००।-	भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को देहाय खण्ड (ज) र सोही ऐनको दफा १७ बमोजिमको कसुर गरेको। भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) र सोही ऐनकोदफा १७ ले निर्देश गरे बमोजिम दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को खण्ड (झ) र सोही ऐनको दफा २४ बमोजिमको थप सजाय गरी सोही ऐनको दफा ८ को उपदफा (१) र दफा १७ बमोजिम बिगो असुल उपर/जफत हुन।
४२	हरिवोल आचार्य	७,०८,४८,०००।	भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ कोउपदफा (१) को देहाय खण्ड (ज) र सोही ऐनको दफा १७ बमोजिमको कसुर गरेको।भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) र सोही ऐनको।दफा १७ ले निर्देश गरे बमोजिम दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को खण्ड (झ)बमोजिमको थप सजाय गरी सोही ऐनको दफा ८ को उपदफा (१) र दफा १७ बमोजिम बिगो असुल उपर/जफत हुन।
४३	रामेश्वर विडारी		
४४	सेमन्तराज चापागाई		
४५	हेमराज सुवेदी		
४६	तेजराज पाण्डे		
४७	हरिप्रसाद जोशी		
४८	नवराज पौडेल		
४९	शैलेन्द्र पौडेल		
५०	जयप्रसाद रेग्मी		
५१	फणिन्द्र प्रसाद दाहाल		
५२	मणि कुमार राना		
५३	बद्री बहादुर कार्की		

५४	लक्ष्मीनारायण उप्रेती		
५५	दिनेश प्रसाद शर्मा		
५६	दिनेशहरि अधिकारी	७,०८,४८,०००।-	भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को देहाय खण्ड (ज), सोही ऐनको दफा ९ र १७ बमोजिमको कसुर गरेको। भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) र सोही ऐनको दफा १७ ले निर्देश गरे बमोजिम दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को खण्ड (झ), सोही ऐनको दफा ९ र दफा २४ बमोजिमको सजाय गरी सोही ऐनको दफा ८ को उपदफा (१) र दफा १७ बमोजिम बिगो असुल उपर/जफत हुन।
५७	चन्द्रदेव जोशी	७,०८,४८,०००।-	भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को देहाय खण्ड (ज), सोही ऐनको दफा १७ बमोजिमको कसुर गरेको। भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) र सोही ऐनको दफा १७ ले निर्देश गरे बमोजिम दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को खण्ड (झ), सोही ऐनको दफा ९ र दफा २४ बमोजिमको सजाय गरी सोही ऐनको दफा ८ को उपदफा (१) र दफा १७ बमोजिम बिगो असुल उपर/जफत हुन।
५८	तुलसी पोखरेल	७,०८,४८,०००।-	भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को देहाय खण्ड (ज), र सोही ऐनको दफा १७ बमोजिमको कसुर गरेकोयी व्यक्तिको मृत्यु भइसकेको भन्ने संलग्न कागजातबाट देखिंदा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १३३ बमोजिम सजाय नहुने भएकाले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) र दफा १७ बमोजिम बिगो असुल उपर/जफत हुन
५९	बलिराम प्रसाद तेली	७,०८,४८,०००।-	भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को देहाय खण्ड (ज) र सोही ऐनको दफा १७ बमोजिमको कसुर गरेकोभ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) र सोही ऐनको दफा १७ ले निर्देश गरे बमोजिम दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को खण्ड (झ) र दफा २४ बमोजिमको सजाय गरी सोही ऐनको दफा ८ को उपदफा (१) र दफा १७ बमोजिम बिगो असुल उपर/जफत हुन।
६०	दिलिप कुमार भट्ट		
जग्गा धनी र मोही भनिएका व्यक्तिहरू			
६१	रुक्म शम्शेर जबरा	८,२७,८२,०००।-	सविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ८ र भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (४) र सोही ऐनको दफा ३ को उपदफा (३) बमोजिमको कसुर गरेको सविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ८ र भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (४) र सोही ऐनको दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को खण्ड (झ) बमोजिमको सजाय गरी सोही ऐनको दफा ३ को उपदफा (१) र दफा ८ को उपदफा (४) बमोजिम बिगो असुल उपर/जफत हुन।
६२	हाटक शम्शेर जबरा	१,३५,२२,०५०।	
६३	हेमन शम्शेर जबरा	१,३५,२२,०५०।	सविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ८ र भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (४) र सोही ऐनकोदफा ३ को उपदफा (३) बमोजिमको कसुर गरेको यी व्यक्तिको मृत्यु भइसकेको भन्ने संलग्न कागजातबाट देखिंदा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १३३ बमोजिम सजाय नहुने भएकाले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१), दफा ८ को उपदफा (४) बमोजिम बिगो असुल उपर/जफत हुन।
६४	सुनिती राणा	८,६९,८२,०००।	
६५	शैलजा राणा	९,६३,०४,०५०।	
६६	हेमाद्री शम्शेर ज.व.रा.	४२,००,०००।-	भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को कसुरको दफा २२ बमोजिमको मतियारको कसुर गरेकोले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को कसुरमा दफा २२ बमोजिमको सजाय हुन।
६७	बिल बहादुर महर्जन	३,००,०००।-	सविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ८ र भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (४), दफा ३ को उपदफा (३) बमोजिमको कसुर गरेको सविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ८ र भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (४) र सोही ऐनको दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को खण्ड(घ) बमोजिमको सजाय गरी सोही ऐनको दफा ३ को उपदफा (१) र दफा ८ को उपदफा (४) बमोजिम बिगो असुल उपर/जफत हुन।
६८	हर्षमहर्जन	४४,८०,०००।-	
६९	डि.एल. डेभलपर्स प्रा.लि.का सञ्चालक कैलाशचन्द्र गोयल	५,४४,००,०००	
७०	माधवी सुवेदी	९१,२०,०००।-	
७१	उमाकुमारी ढकाल्नी	९१,२०,०००।-	
७२	श्रीकृष्ण महर्जन	१,९०,४०,०००।-	

७३	चमेली श्रेष्ठ	३,२८,००,०००।-	भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (४) बमोजिमको कसुर गरेकोमा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (४) बमोजिमको सजाय गरी बिगो समेत असुल उपर/जफत हुन।
७४	कान्छा महर्जन	५२,८०,०००।-	
७५	देवनारायण महर्जन	२,९७,६०,०००।-	
७६	तीर्थमाया महर्जन	६७,२०,०००।-	
७७	रेना गुरुङ्ग	२,२७,२०,०००।-	
७८	बाबुराजा महर्जन	३,४४,००,०००।-	
७९	मचानानी महर्जन	१,५५,२०,०००।-	
८०	ग्वाराभाइ महर्जन	१,८८,८०,०००।-	
८१	द्वारिकामान महर्जन	३,५८,७२,०००।-	
८२	रजनी पनेरु	४०,००,०००।-	
८३	बाबा कार्की	३,२८,००,०००।-	
८४	अगम ढुङ्गाना	३,२८,००,०००।-	
८५	खेमलाल खरेल	३,२८,००,०००।-	
८६	भाटभटेनीडेभलपमेन्ट कम्पनी प्रा.लि.को तर्फबाट संचालक मिन बहादुर गुरुङ्ग	११,२०,००,०००।-	
८७	लक्ष्मी ढकाल	३,२८,००,०००।-	
८८	तीर्थमाया महर्जन	३,९०,४०,०००।-	
८९	देवनारायण महर्जन	३,०६,७२,०००।-	
९०	श्रीमती मोहन महर्जन	२,६२,०८,०००।-	
९१	सञ्जय कुमार महर्जन	२७,३६,०००।-	
९२	सकुलानन्द महर्जन	२७,३६,०००।-	
सरकारी जग्गा गैरकानूनी रुपमा बकस लिने अन्य व्यक्तिहरू			
९३	इन्द्र बहादुर थापा क्षेत्री	६,२३,५००।-	सावित्रिक भ्रष्टाचार निवारण ऐन,२०१७ को दफा ४ को देहाय खण्ड (क),दफा ८ र भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (२) र दफा ८ को उपदफा (४) बमोजिमको कसुर गरेको सावित्रिक भ्रष्टाचार निवारण ऐन,२०१७ को दफा ४, दफा ४ को देहाय खण्ड (क), दफा ८ र भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (२) ले निर्देश गरे बमोजिम दफा ३ को उपदफा (१), दफा ३ को उपदाफा (१) को खण्ड (ङ) र दफा ८ को उपदफा (४) को सजाय गरी सावित्रिक भ्रष्टाचार निवारण ऐन,२०१७ को दफा ४ र भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१), दफा ८ को उपदफा (४) बमोजिम बिगो असुल उपर/जफत समेत हुन।
९४	सरस्वती कुमारी श्रेष्ठ		
९५	शान्ति मल्ल प्रधानाङ्ग		
९६	मिठूदेवी चापागाईं	६,२३,५००।-	सावित्रिक भ्रष्टाचार निवारण ऐन,२०१७ को दफा ४ को देहाय खण्ड (क),दफा ८ र भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (२) र दफा ८ को उपदफा (४) बमोजिमको कसुर गरेकोमा यी व्यक्तिको मृत्यु भईसकेको हुँदा फौजदारी कार्यविधि संहिता,२०७४ को दफा १३३ बमोजिम सजाय नहुने भएकोले सावित्रिक भष्टाचार निवारण ऐन, २०१७ को दफा ४ र भष्टाचार निवारण ऐन,२०५९ को दफा ३ को उपदफा (१),दफा ८ को उपदफा (४) बमोजिम बिगो असुल उपर/जफत समेत हुन।
९७	निर्मलादेवी श्रेष्ठ	२,७१,९००।-	सावित्रिक भ्रष्टाचार निवारण ऐन,२०१७ को दफा ४ को देहाय खण्ड (क),दफा ८ र भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (२) र दफा ८ को उपदफा (४) बमोजिमको कसुर गरेको। सावित्रिक भ्रष्टाचार निवारण ऐन,२०१७ को दफा ४, दफा ४ को देहाय खण्ड (क), दफा ८ र भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (२) ले निर्देश गरे बमोजिम दफा ३ को उपदफा (१), दफा ३ को उपदाफा (१) को खण्ड (घ) र दफा ८ को उपदफा (४) को सजाय सावित्रिक भ्रष्टाचार निवारण ऐन,२०१७ को दफा ४ र भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१), दफा ८ को उपदफा (४) बमोजिम बिगो असुल उपर/जफत समेत हुन।
९८	मोहन प्रसाद भट्टराई	४,६४,२००।-	सावित्रिक भ्रष्टाचार निवारण ऐन,२०१७ को दफा ४ को देहाय खण्ड (क),दफा ८ र भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (२) र दफा ८ को उपदफा (४) बमोजिमको कसुर गरेको सावित्रिक भ्रष्टाचार निवारण ऐन,२०१७ को दफा ४, दफा ४ को देहाय खण्ड (क), दफा ८ र भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (२) ले निर्देश गरे बमोजिम दफा ३ को उपदफा (१), दफा ३ को उपदाफा (१) को खण्ड (ङ) र दफा ८ को उपदफा (४) को सजाय सावित्रिक भ्रष्टाचार निवारण ऐन,२०१७ को दफा ४ र भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१), दफा ८ कोउपदफा (४) बमोजिम बिगो असुल उपर/जफत समेत हुन।
९९	बैकुण्ठ शर्मा रेग्मी	१,५०,०००।-	भ्रष्टाचार निवारण ऐन,२०१७ को दफा ४ को देहाय खण्ड (क),दफा ८ र भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (२) र दफा ८ को उपदफा (४) बमोजिमको कसुर गरेको सावित्रिक भ्रष्टाचार निवारण ऐन,२०१७ को दफा ४, दफा ४ को देहाय खण्ड (क), दफा ८ र भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (२) ले निर्देश गरे बमोजिम दफा ३ को

			उपदफा (१), दफा ३ को उपदफा (१) को खण्ड (घ) र दफा ८ को उपदफा (४) को सजाय सविक भ्रष्टाचार निवारण ऐन,२०१७ को दफा ४ र भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१), दफा ८ को उपदफा (४) बमोजिम बिगो असुल उपर/जफत समेत हुन।
१००	खिमादेवी आङबोहाङ	२,८६,०००।-	सविक भ्रष्टाचार निवारण ऐन,२०१७ को दफा ४ को देहाय खण्ड (क),दफा ८ र भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (२) र दफा ८ को उपदफा (४) बमोजिमको कसुर गरेको सविक भ्रष्टाचार निवारण ऐन,२०१७ को दफा ४, दफा ४ को देहाय खण्ड (क), दफा ८ र भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (२) ले निर्देश गरे बमोजिम दफा ३ को उपदफा (१), दफा ३ को उपदाफा (१) को खण्ड (घ) र दफा ८ को उपदफा (४) को सजाय हुन।
१०१	शशिकला सुब्बा	१,७८,२००।-	सविक भ्रष्टाचार निवारण ऐन,२०१७ को दफा ४ को देहाय खण्ड (क),दफा ८ र भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (२) र दफा८ को उपदफा (४) बमोजिमको कसुर गरेको। सविक भ्रष्टाचार निवारण ऐन,२०१७ को दफा ४, दफा ४ को देहाय खण्ड (क), दफा ८ र भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (२) ले निर्देश गरे बमोजिम दफा ३ को उपदफा (१), दफा ३ को उपदाफा (१) को खण्ड (घ) र दफा ८ को उपदफा (४) को सजाय सविक भ्रष्टाचार निवारण ऐन,२०१७ को दफा ४ र भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१), दफा ८ को उपदफा (४) बमोजिम बिगो असुल उपर/जफत समेत हुन।
१०२	विद्या पौडेल गौतम	१,३१,३००।-	सविक भ्रष्टाचार निवारण ऐन,२०१७ को दफा ४ को देहाय खण्ड (क),दफा ८ र भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (२) र दफा ८ को उपदफा (४) बमोजिमको कसुर गरेको। सविक भ्रष्टाचार निवारण ऐन,२०१७ को दफा ४, दफा ४ को देहाय खण्ड (क), दफा ८ र भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (२) ले निर्देश गरे बमोजिम दफा ३ को उपदफा (१), दफा ३ को उपदाफा (१) को खण्ड (घ) र दफा ८ को उपदफा (४) को सजाय सविक भ्रष्टाचार निवारण ऐन,२०१७ को दफा ४ र भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१), दफा ८ को उपदफा (४) बमोजिम बिगो असुल उपर/जफत समेत हुन।
१०३	भुवन कुमारी चापागाईं	७,५९,४००।-	
१०४	उर्मिला शाह	२,८६,०००।-	
१०५	रामनाथ घिमिरे	१,७८,२००।-	
१०६	रामकल्याण अधिकारी	७,५९,४००।-	
१०७	शोभाकान्त ढकाल	३९,२७,६८,०००।-	भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (४) बमोजिमको कसुर गरेको। भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (४) बमोजिमको सजाय गरी दफा ८ को उपदफा र (४)दफा ४७ बमोजिम निजको नाममा कायम रहेको जग्गा जफत गरी नेपाल सरकार कायम गराउन।
१०८	रामकुमार सुवेदी	५२,५१,४०,०००।-	
१०९	मिन बहादुर गुरुङ्ग	३९,२७,६८,०००।-	
११०	सोदा कुमारी चापागाईं	९३,७५०।-	सविक भ्रष्टाचार निवारण ऐन,२०१७ को दफा ४ को देहाय खण्ड (क),दफा ८ र भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (२) र दफा ८ को उपदफा (४) बमोजिमको कसुर गरेको सविक भ्रष्टाचार निवारण ऐन,२०१७ को दफा ४, दफा ४ को देहाय खण्ड (क), दफा ८ र भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (२) ले निर्देश गरे बमोजिम दफा ३ को उपदफा (१), दफा ३ को उपदाफा (१) को खण्ड (ग) र दफा ८ को उपदफा (४) को सजाय गरी सविक भ्रष्टाचार निवारण ऐन,२०१७ को दफा ४ र भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१), दफा ८ को उपदफा (४) बमोजिम बिगो असुल उपर/जफत समेत हुन।

जग्गा जफत प्रयोजनका लागि मात्र

प्रतिवादीहरूको नाम	
१) कल्पना तुलाधर २) शर्मिला बज्राचार्य(शाक्य) ३) प्रगती कंसकार ४) गैरआवासीय नेपाली संघ ५) कामना गुरुङ्ग ६) कल्याण गुरुङ्ग ७) सज्जन कुमार चाचान ८) देवान्शी गोयल ९) सरस्वती घले गुरुङ्ग १०) सरला घले११) मनोज कुमार केडिया १२) मनोज कुमार गौतम १३) मन्ती गोर्खाली १४) निर्मलादेवी गोयल १५) निकिता तुलाधर १६) अमिताम्भ तुलाधर १७) उमा प्रसाई १८) युरिशोभा तुलाधर १९) रेणुका बज्राचार्य २०) सुविस्ता तुलाधर २१) अञ्जना तुलाधार ताम्राकार २२) चन्द्रिका कंसाकार तुलाधर २३) सानुछोरी बज्राचार्य २४) सिपिका खेतान २५) सुष्मा बज्राचार्य शाक्य) २६) सन्ध्या शाक्य २७) संगिता राखेचा काठोरी बोथरा २८) धर्मशोभा शाक्य २९) नुतन श्रेष्ठ ३०) डिम्पल वंशल ३१) सरिता मानन्धर श्रेष्ठ ३२) गीता गौतम खनाल ३३) नितु गुरुङ्ग ३४) रीता ओझा गौतम ३५) रत्नहिरा बज्राचार्य ३६) प्रतिमा वैद्य प्रधान ३७) प्रविण ताम्राकार ३८) विजय ताम्राकार ३९) माया शेर्पा गौचन ४०) महेशराजा तुलाधर ४१) द्वारिकादेवी श्रेष्ठ ४२) इन्द्रदेव गुरुङ्ग ४३) इन्दु शर्मा ४४) संदीप ढकाल ४५) भवानी जोशी ४६) भारती पाण्डे ४७) विवेक कुमार सुवेदी ४८) केशव तुलाधर ४९) अनिता देवी कंसाकार ५०) ॐ विरमान ताम्राकार ५१) अनिलमान ताम्राकार ५२) गोविन्दलाल संघाई ५३) गायत्री श्रेष्ठ कंसाकार) ५४) सानुकान्छा भन्ने पञ्च नारायण महर्जन ५५) राधा सिग्देल आचार्य ५६) मचाबाबु प्रजापति ५७) रुपेस कुमार सुवेदी ५८) सरोज ढकाल ५९) पहलमान गुरुङ्ग ६०) पुरुषोत्तम पौडेल ६१) प्रमोद शेरचन ६२) कनक हर्बल ६३) अच्युतराज श्रेष्ठ ६४) विजेन्द्र जोशी ६५) बद्री लक्ष्मी श्रेष्ठ	सविक हाँडिगाँउ मौजा हा.नं. ४५६ को लगत भिड्ने तत्कालीन सरकारले कानून बमोजिम अधिग्रहण गरी प्राप्त गरेको ललिता निवास क्याम्पभित्रको सरकारी, सार्वजनिक जग्गा हाल निज प्रतिवादी हरूको नाममा कायम रहेकोले निजहरूको हकमा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (४) र दफा ४७ बमोजिम उक्त जग्गा निजको नामबाट जफत गरी पुनः नेपाल सरकारको नाममा कायम गराउन।

२. उक्त मुद्दामा विशेष अदालतको मिति २०८०।११।०३ को फैसलाबाट प्रतिवादीहरु मध्ये केहीलाई सफाई र केहीलाई आंशिक सफाई दिएको-:

क) जग्गा व्यक्ति विशेषका नाममा दाखिल खारेज नामसारी गर्न धर्म प्रसाद गौतमले मिति २०४९।०९।२० को निर्णय मालपोत कार्यालयमा पत्राचार गरेको सम्म देखिएकोले बदनियतपूर्वक पत्राचार गरेको पुष्टि हुन नसकेको।

ख) प्रतिवादीहरू इन्द्र बहादुर थापा क्षेत्री, शान्तीमल्ल प्रधानाङ्ग, मिठुदेवी चापागाई, सरस्वती कुमारी श्रेष्ठ, निर्मलादेवी श्रेष्ठ, मोहनप्रसाद भट्टराई,बैकुण्ठ शर्मा रेग्मी, बिद्यापौडेल गौतम, सोदाकुमारी चापागाई, भुवन कुमारी चापागाई ,खिमादेवी आङबुहाङ, शशिकला सुब्बा, उर्मिला शाह, रामनाथ घिमिरे र रामकल्याण अधिकारीले ८(४) को दावी पुग्न नसकी मतियारको कसुर गरेको।

ग) हालसाबिकमा संलग्न रूद्रकुमार श्रेष्ठ समेतका प्रतिवादीहरूको मिति २०५९।०६।२४ मा सहमति हुने गरी निर्णय गरेको कार्यमा प्रतिवादीहरूको बदनियत पुष्टि हुन नसकेको।

घ) प्रतिवादीहरू जनक बहादुर भण्डारी,देव बहादुर लामिछाने र भरतचन्द्र अर्यालले आफ्नो ओहदाको काम गर्दा अन्य व्यक्तिहरूले गरेको भ्रष्टाचारको भूमरीमा परेको सम्म देखिएको र ओहदाको काम बदनियत चिताई गरेको पुष्टि हुन नसकेको।

ङ) प्रतिवादीहरू अशोकनाथ उप्रेती,राजेन्द्रमान श्रेष्ठ,बालकृष्ण श्रेष्ठ, सुरोजराज राजकर्णिकार प्राबिधिक कार्यको जिम्मेवारीमा रहेको मोही र मोहीको जग्गाको सर्जक रहेको नदेखिएको,सो विषयको निर्णयकर्ता नरहेको, विषयको कानूनी बिज्ञ नरहेको, नत सोको लाभग्राही रहेको देखिएको नत अन्य कसैबाट गैरकानूनी लाभ लिएको देखिएको अवस्थामा गुरूयोजना निर्माण गर्ने सदनियतले सुझावसम्म गरेको देखिदा प्रतिवादीहरूको बदनियत पुष्टि हुन नसकेको।

च) प्रतिवादी बिजयकुमार गच्छेदार र डम्बर श्रेष्ठको हकमा मन्त्रिपरिषद्को मिति २०६६।१२।२९,मिति २०६७।०१।३१ र मिति २०६७।०४।२८ को निर्णयको हस्ताक्षरकर्ता यी प्रतिवादी समेत रहेकोले मन्त्रिपरिषद्को सामूहिक निर्णयका मूल निर्णयकर्तालाई प्रतिवादी नबनाइएको सोही सामूहिक निर्णयको अक्षुणताको संरक्षण यी प्रतिवादीलाई समेत जाने भएकोले बदनियत पुष्टि हुन नसकेको।

छ) मोहीको हैसियतमा सरकारी जग्गा आफ्नो नाममा दाखिल खारेज गर्ने देव नारायण महर्जन समेतका प्रतिवादीहरूले नेपाल सरकारसँग कुनै सम्झौता गरेको र सम्झौताको शर्त उल्लंघन गरेको बादीले पुष्टि गर्न सकेको नदेखिदा यी प्रतिवादीहरू उपर भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा ८(४) आकर्षित हुन सक्दैन।तथापी यी प्रतिवादीहरूले सरकारी कर्मचारीको ओहदामा रहेका प्रतिवादीहरूसँग मिलोमतो गरी सरकारी जग्गा गैरकानूनी तवरले आफ्नो नाममा दर्ता गर्ने कार्यमा प्रत्यक्ष सहयोग लिई गैरकानूनी लाभ लिएको देखिदा यी प्रतिवादीहरूलाई ऐनको दफा ८(१) को कसुरमा मतियारको कसुर गरेको देखियो।

ज) प्रतिवादीहरू दिनेशहरि अधिकारीले मिति २०६३/०९/२६ को मन्त्रिपरिषद्को निर्णय बमोजिम परिवर्तित सन्दर्भमा पुनःप्रस्ताव पेश गरेकोसम्म देखिएको र अर्का प्रतिवादी चन्द्रदेव जोशीले तत्कालीन भूमिसुधार तथा व्यबस्था मन्त्रीको हैसियतले नेपाल सरकार मन्त्रिपरिषद्मा पेश गर्न सोही प्रस्ताबलाई स्वीकृत जनाएको देखिएको हुँदा बदनियत तत्वको अभाव देखिएको।

झ) दफा ८(१)(ज) र दफा १७ को प्रयोजन परस्परमा स्वतन्त्र रही स्वतन्त्र प्रयोगमा कुनै बाधा नगर्ने हुँदा दफा ८(१) (ज) को कसुर ठहरेका प्रतिवादीको हकमा दफा (८)(१) को सजायको अतिरिक्त दफा १७ अन्तर्गत सजाय हुनुपर्छ भन्ने बिधायिकी मनसाय नभएको हुँदा दफा १७ बमोजिम माग दावीले पुष्टि नगरी सजायको मागसम्म गरिएको अवस्था हुँदा सो हदसम्म बादी दावी सबै प्रतिवादीका हकमा पुग्न सक्ने देखिएन।

३. विशेष अदालतको उपरोक्त फैसलाउपर आयोगलाई चित्त नबुझी देहायबमोजिमका आधार लिई सम्मानित सर्वोच्च अदालतमा मिति २०८१।११।२० मा पुनरावेदन गरिएको छः-

देहाय:

- प्रतिवादी धर्मप्रसाद गौतमले तत्कालीन समयमा श्री ५ को सरकारका नाममा कायम रहेका जग्गाहरू सुबर्ण शम्शेरका हकवालाहरूको नाममा कायम गर्नको लागि मिति २०४९।०९।२३ को पत्र मार्फत मालपोत कार्यालय डिल्लीबजारमा पत्राचार गरेको। प्रतिवादीले मन्त्रिपरिषद्को निर्णय बमोजिम प्रकृया अन्तर्गत मात्र जफत भएको जग्गा ठहरिएपछि मात्र निवेदकहरूका नाउँमा दर्ता हुनुपर्नेमा श्री ५ को सरकारको नाममा दर्ता श्रेस्ता कायम नगरी एवं जफत भएको यकिन नगरी दर्ता नामसारी गरेको कार्य त्रुटिपूर्ण रहेको। बिभागबाट मन्त्रिपरिषद्को सैद्धान्तिक निर्णय बमोजिम जफत भएका जग्गा फिर्ता गर्न भनी निर्देशन भए अनुसार विभागीय प्रमुखको निर्णय बमोजिम पठाएको हो भन्ने समेत ब्यहोराको बयान गरेको। निजले अदालतमा उपस्थित भई बयान गर्दा नेपाल सरकारलाई हानिनोक्सानी हुने कुनै कार्य गरेको छैन भनी ईन्कारी बयान गरेपनि मौकामा गरेको बयानलाई अन्यथा भन्न नसकेको।प्रतिवादीले ललिता निवास क्याम्पभित्रको जग्गा आफ्नो सालीको छोराको नाममा जग्गा हालैदेखिको बकसपत्र लिई आफू समेतले फाईदा लिएको र सरकारलाई हानि नोक्सानी गरेको भन्ने तथ्य प्रमाणबाट पुष्टि भएको देखिंदा प्रतिवादीलाई आरोपदावी बमोजिम सजाय गर्नुपर्नेमा सफाई दिने गरी भएको फैसला त्रुटिपूर्ण रही बदरभागी रहेको।
- प्रतिवादीहरू कलाधर देउजा,सुरेन्द्रमान कपाली,युक्तप्रसाद श्रेष्ठ,मुकुन्द प्रसाद आचार्य र जगतप्रसाद पुडासैनीले ललिता निवास क्याम्प भित्रको साविक हाँडिगाउँ मौजा हा.नं. ४५६ को लगत भिडने सरकारले कानून बमोजिमको सुनुवाईको मौका र उचित क्षतिपूर्ति समेत दिई प्राप्त गरेको र सरकारी स्वामित्वमा नै रहिरहेको सरकारी जग्गा गैरकानूनी रूपमा अनाधिकृत व्यक्तिहरूलाई दाखिल,दर्ता,नामसारी गरिदिने एवं सरकारी जग्गामा अनाधिकृत व्यक्तिहरूलाई मोही कायम गरी गराई सो बापत सोही मध्येको जग्गा आफ्नो नातेदारको नाममा हालैदेखिको बकसपत्रको लिखत पारित गर्ने गराउने कार्य गरेको पुष्टि भएको हुँदा प्रतिवादीहरूलाई आरोप मागदावी बमोजिम छुट्टा छुट्टै बिगो कायम गरी साबिक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ६ र १३ र प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८(१),दफा ५ र १७ बमोजिमको सजायको मागदावी लिई आरोपपत्र दायर गरिएकोमा सम्मानित अदालतबाट फैसला हुँदा साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १३ बमोजिमको कसुर मात्र कायम गरी फैसला गरेको।
- प्रतिवादीहरूले सुवर्णशम्शेर र कंन्चन शमशेरको भागमा रहेको १४-११-०-० जग्गा जफत गरी बाँकी २८४-१४-३-० जग्गा अधिग्रहण गरिएकोमा मन्त्रिपरिषद्को मिति २०४७।०२।१४,२०४७।०४।०८ र २०४७।०५।०३ गतेको निर्णय बमोजिम साविकमा जफत गरिएको जग्गा मात्र फिर्ता गर्नुपर्नेमा अधिग्रहण गरिएका जग्गाहरू समेत फिर्ता दिने मालपोत कार्यालय डिल्लीबजारको निर्णय र कार्यहरू प्रचलित कानून विपरीत रहेको देखिएको। मन्त्रिपरिषद्को निर्णय बमोजिम छानबिनबाट फिर्ता दिनुपर्ने देखिएको सम्पत्ति फिर्ता दिने भनिएकोमा मालपोत कार्यालय डिल्लीबजारमा कार्यरत उल्लिखित प्रतिवादीहरूले छानविन प्रतिबेदनलाई आधार लिएको नदेखिएको। प्रतिवादीहरुले बयान गर्दा समेत सो जिकिर लिन नसकेको। प्रतिवादीहरूले ललिता निवासको नेपाल सरकार समरजंग कम्पनीको नाममा रहेको जग्गा ब्यक्ति विशेषको नाममा दर्ता गरी आफू र आफ्ना नातेदारको नाममा समेत लिएको भन्ने मिसिल संलग्न कागजबाट प्रमाणित हुँदा हुँदै आरोपपत्र मागदावी बमोजिमका उक्त दफाको कसुर ठहर तथा सजाय नगरी भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १३ बमोजिमको कसुर मात्र गरेको ठहर गरी फैसला फौजदारी कार्यको अनुपातमा फौजदारी दायित्व निर्धारणको सिद्धान्त प्रतिकुल रहेको।
- प्रतिवादीहरू राम कुमार सुबेदी,शोभाकान्त ढकाल र मीन बहादुर गुरूङले साविक हाँडीगाउ मौजा हा.न. ४५६ को लगत भिडने ललिता निवास क्याम्पभित्रको नेपाल सरकार,समरजंग कम्पनीको नाममा रहेको जग्गाधनी दर्ता श्रेस्ता कट्टा गरी आफू र आफ्ना परिवारका सदस्यहरू समेत सन्चालक रहेको कम्पनी समेतको नाममा

हालसाबिक गर्ने गराउने, बालुवाटर स्थित बिशिष्ट व्यक्तिहरूको निवास परिसर बिस्तारको नाममा उक्त क्षेत्रको सरकारी सार्बजनिक जग्गा आफू समेतका अनाधिकृत व्यक्ति तथा संस्थाहरूको नाममा कायम गराउने, सरकारले अधिग्रहण गरी प्राप्त गरेको सरकारी सार्बजनिक जग्गामा अनाधिकृत व्यक्तिहरूलाई मोही कायम गर्ने गराउने र ललिता निवास क्याम्प क्षेत्रभित्रका सबैजसो कित्ता जग्गाहरू खरिद गरी कित्ता एकीकरण गरी पुनः आफू समेत संचालक रहेको कम्पनी, आफ्ना परिवारका सदस्यहरू र आफ्नो समेत नाममा ल्याई सरकारी सार्बजनिक जग्गा मस्यौट गर्ने कार्यमा बिचौलियाको भूमिका निर्वाह गरी प्रत्यक्ष लाभ समेत लिएको देखिएको। प्रतिवादीहरूले आफूहरूको प्रत्यक्ष संलग्नतामा सरकारी सार्बजनिक जग्गा आफू र आफ्नो नाम तथा कम्पनीमा दर्ता गराएको देखिंदा देखिंदै भ्रष्टाचार निवारण ऐन २०५९ को दफा ८(४) बमोजिम सजाय गर्नुपर्नेमा ऐ. ऐनको दफा ८(१)(ज) को मतियार सम्मको कसूर कायम गरी कम बिगो कायम गरी गरेको फैसला त्रुटिपूर्ण रहेको।

- प्रतिवादीहरू सुनिती राणा, शैलजा राणा र हेमनशम्शेर ज.ब.रा. समेतलाई आरोपपत्र मागदावी बमोजिम सजाय नगरी कम सजाय निर्धारण गरिएको हद सम्म फैसला त्रुटिपूर्ण देखिएको। प्रतिवादीहरुले राष्ट्रसेवक कर्मचारीलाई अनुचित प्रभावमा पारी सरकारी, सार्बजनिक जग्गा गैरकानूनी रूपमा आफ्नो नाममा दाखिल खारेज, छुट जग्गा दर्ता, हालसाविक गरी-गराई आफूलाई प्रत्यक्ष लाभ र नेपाल सरकारलाई प्रत्यक्ष हानि पुऱ्याउने कार्य गरेको पुष्टि भएको। प्रतिवादीहरूको आफ्नो प्रत्यक्ष संलग्नतामा सरकारी जग्गा आफ्नो नाममा कायम गर्ने गराउने कार्यमा संलग्न भई आफू र आफन्तको नाममा बकसपत्र पारित गरी गराई जग्गा दिएको भन्ने मिशिल संलग्न कागजबाट देखिएबाट आरोप मागदावी बमोजिमको कसुर कायम गरी प्रति व्यक्ति छुट्टा छुट्टै बिगो कायम गरी सजाय गर्नुपर्नेमा बिगो दामासाही गरी भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १६क. को प्रतिबन्धात्मक बाक्यांश बमोजिमको कसुर कायम गरी मुख्य अभियुक्तलाई हुने सजाय बराबर गरेको सजाय सो हदसम्म त्रुटिपूर्ण रहेको हुँदा उक्त फैसला बदरभागी रहेको।
- प्रतिवादीहरू हाटक शम्शेर, रूक्म शम्शेर ज.व.रा.लाई आरोप मागदावी बमोजिमको कसुर ठहर गरी सजाय हुनुपर्नेमा सो बमोजिम सजाय नगरेको र बिगो कम कायम गरी फैसला भएको। प्रतिवादीहरूले सरकारी सार्वजनिक जग्गालाई व्यक्ति विशेषको नाममा कायम गरी सरकारलाई हानिनोक्सानी र व्यक्ति बिशेष र आफूहरुलाई लाभ हुने कार्य गरेको देखिदा देखिदै यी प्रतिवादीहरूलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २२ को प्रतिबन्धात्मक बाक्यांश बमोजिम मुख्य प्रतिवादी सरह नै सजाय हुने भनी बिगो कम कायम गरी आरोपपत्र मागदावी भन्दा फरक कसुर गरेको ठहर गरी मतियारमा सजाय गर्ने गरी भएको फैसला सो हदसम्म त्रुटिपूर्ण रही बदरभागी रहेको।
- जग्गा खरिद गरी राजिनामा वा बकसपत्र मार्फत हक प्राप्त गरेका प्रतिवादीहरू ईन्द्र बहादुर क्षेत्री, शान्तीमल्ल प्रधानाङ्ग, मिठुदेवी चापागाई, सरस्वती कुमारी श्रेष्ठ, निर्मलादेवी श्रेष्ठ, मोहन प्रसाद भट्टराई, बैकुण्ठ शर्मा रेग्मी, बिद्यापौडेल गौतम, सोदाकुमारी चापागाई, भुवन कुमारी चापागाई, खिमादेवी आङबुङ, शशिकला शुब्बा, उर्मिला शाह, रामनाथ घिमिरे र रामकल्याण अधिकारीले ललिता निवास क्याम्पभित्रको सरकारी जग्गा गैरकानूनी रूपमा आफू समेतको नाममा पारित गरी गराई आफूलाई प्रत्यक्ष लाभ र नेपाल सरकारलाई प्रत्यक्ष हानिनोक्सानी गरेको पुष्टि हुँदा हुँदै आरोप दावी बमोजिम सजाय गर्नुपर्नेमा मतियारको फरक कसुर गरेको ठहर गरी सजाय गरेको सो हदसम्म फैसला त्रुटिपूर्ण रही बदरभागी रहेको।
- बिल बहादुर महर्जनले कि.नं. २६ को जग्गा आफ्नो नाममा लिएको देखिएको। राष्ट्रसेवक कर्मचारीलाई अनुचित प्रभावमा पारी सरकारी, सार्वजनिक जग्गा गैरकानूनी रूपमा आफ्नो नाममा दाखिल खारेज, दर्ता, हालसाबिक गरी-गराई आफूलाई प्रत्यक्ष लाभ र नेपाल सरकारलाई प्रत्यक्ष हानिनोक्सानी गरेको। अनुसन्धान अधिकारी समक्ष बयान गर्दा जग्गाको नापनक्सा गर्न टोली आएको बेला मेरो मोही कायम भएको हो, मोही कायम गर्ने जिम्मा रामकुमार सुबेदीले लिएको हो। राम कुमार सुबेदीले मोहीको भाग भनेर मलाई नौ लाख अठासी हजार दिएको हो भन्ने समेत व्यहोराको बयान गरेको देखिदा यी प्रतिवादीलाई उक्त जग्गामा आफ्नो मोहीयानी हक नरहेको भन्ने स्पष्ट थाहा जानकारी रहेको भन्ने प्रष्टै देखिएको। आफ्नो मोहीयानी हक

नभएको जग्गामा मोही कायम गर्नको लागि यी प्रतिवादीले सहमती नदिएसम्म निजको नाममा मोही कायम गरी जग्गा दर्ता हुन सक्ने अवस्था समेत नदेखिएको। सम्मानित सर्वोच्च अदालतबाट समेत फैसलाको ठहर खण्डमा उल्लेख नगरेको विषय तपशिल खण्डमा उल्लेख गर्न नमिल्ने भनी (ने.का.प. २०६९ अंख १० नि.नं. ८९०७) सिद्धान्त प्रतिपादन भएको देखिएको। प्रतिवादी बिल बहादुर महर्जनलाई ठहर खण्डमा प्रतिवादीले गरेको कसुरको सन्दर्भमा बिबेचना नगरी तपशिल खण्डमा मात्र उल्लेख गरिएको हुँदा यस प्रकारको उल्लेख गरी फैसला गर्न मिल्ने होईन। प्रतिवादीले सरकारी सार्वजनिक जग्गामा मोही कायम गरी आफ्नो नाममा जग्गा कायम गरेको भन्ने मिशिल संलग्न कागजात एवं सवूद प्रमाणबाट देखिँदा कसुर गरेको भन्ने तपशिल खण्डबाट देखिने तर ठहर खण्डमा यी प्रतिवादीले के कुन कानूनको उल्लंघन गरेको हो भन्ने केही बिबेचना नगरी गरेको फैसला सो हदसम्म त्रुटिपूर्ण रही बदरभागी रहेको। तपसिल खण्डमा सजाय निर्धारण गरिएका यी प्रतिवादीको सजाय पुष्टी हुने गरी आरोपत्र मागदावी बमोजिमको कसुर ठहर गरी निजका हकमा पुनः सजाय निर्धारण गरेको फैसला त्रुटिपूर्ण रही बदरभागी रहेको।

- प्रतिवादीहरु टिका बहादुर बि.सी., जीवनाथ पोखरेल, रूद्र कुमार श्रेष्ठ, पुष्पराज उपाध्याय, ईन्द्रप्रसाद ढुंगाना र अर्जुन भण्डारी र कसुरमा सम्लग्न अन्य ब्यक्ति प्रतिवादीहरु सुनिती राणा, शैलजा राणा, हाटकशम्शेर, हेमनशम्शेर र रुक्म शम्शेर समेतले ललिता निवास क्याम्पभित्रको साविक हाँडीगाउँ मौजा हा.नं. ४५६ को लगत भिडने सरकारले कानून बमोजिमको सुनुवाईको मौका र उचित क्षतिपूर्ति समेत दिई प्राप्त गरी सरकारी स्वामित्वमानै रहिरहेको समरजंग कम्पनीको नाममा जग्गा धनी श्रेस्ता र प्रमाणपूर्जा समेत भएको जग्गा हो भन्ने तथ्यको जानकारी हुँदा हुँदै जग्गाको दुषित दर्ता एवं हक स्वामित्व परिवर्तन गर्ने गराउने कसुरमा संलग्न रही काठमाण्डौनगर २३(क्ष)कि.नं.३३, ३४, ३५, ३६, ३७, ,३९, ४०, ५४, ५५,५६,५७,५८,६०,६१, ६२, ७२, ७४, ७५, ८०, ४३, ४४, ५१, ५३, ५९, ७९, नगर२३(ह)कि.नं. ३३, ३८, ३९, २८, २९, ३०, ३२,३४, ३६, १७, २०, १८,१९,२१, २३,८,१३,१४,२६,२७,११, २३(क्ष)कि.नं.१८, २०, २१, २२, २३,२४,३०,३१,३२, ४१,४५,४६, ४७, ४९, ५०, ५२, ६४, ६५, ६६, ६७, ७०, ८१,८२,८३ समेतका ११२ रोपनी भन्दा बढी सरकारी जग्गा व्यक्ति बिशेषको नाममा हालसाबिक गरी समरजंग कम्पनीको नामको श्रेस्ता खारेज गरी व्यक्ति विशेषको नाममा श्रेस्ता अध्याबधिक गर्ने निर्णय गरेको। प्रतिवादीहरूले मौकामा बयान गर्दा उक्त हाल साविकको निर्णय गरेकोमा स्वीकार गरी बयान गरेको। प्रतिवादीहरूले साविक हाँडीगाउँ मौजा हा.न.४५६ को लगत भिड्ने ललिता निवास क्याम्प भित्रको नेपाल सरकार, समरजंग कम्पनीको नाममा जग्गाधनी दर्ता श्रेस्ता कायम रहेको सरकारी जग्गा हो भन्ने कुराको जानकारी हुँदा हुँदै सरकारको नामको लगत कट्टा गरी गैरकानूनी रूपमा व्यक्ति बिशेषको नाममा जग्गाधनी दर्ता श्रेस्ता खडा गर्ने भनी स्पष्ट राय सहित टिप्पणी पेश गरी निर्णय प्रकृयामा प्रत्यक्ष संलग्न भएको देखिदा देखिदै सफाई दिने गरी भएको फैसला त्रुटिपूर्ण रही बदरभागी रहेको।
- प्रतिवादी समरजंग कम्पनिका तत्कालीन कार्यालय प्रमुख अर्जुन प्रसाद भण्डारीले गुठी संस्थान तहसिल शाखा कार्यालयलाई समरजङ्ग कम्पनीको तर्फबाट उक्त कम्पनीको नाममा भएको जग्गाहरू गुठीको हो होईन भनी यकिन गर्न नसकिने भनी पत्राचार गरेको। निजले मौकामा बयान गर्दा उल्लिखित पत्रमा हस्ताक्षर गरेकोमा स्वीकार गरी बयान गरेको। अदालतमा उपस्थित भई भ्रष्टाचारजन्य कसुर गरेकोमा ईन्कार गरे पनि नेपाल सरकार समरजंग कम्पनीको नाममा कायम भएको जग्गा व्यक्ति विशेषको नाममा हालसाविक गरेकोमा स्वीकार गरी बयान गरेको देखिएकोले प्रतिवादीहरूको बदनियतको बिद्यमानता स्वतः पुष्टि भएको। हालसाविक गर्ने कार्यमा प्रत्यक्ष संलग्न रहेको भन्ने मिशिल संलग्न कागजबाट पुष्टि भईरहेको र प्रतिवादीले समेत आफ्नो भूमिकामा ईन्कार गर्न नसकेको अवस्थामा आरोपदावी पुष्टि भईरहको देखिदा देखिदै हालसाविक प्रकृयामा संलग्न प्रतिवादीहरू रूद्रकुमार श्रेष्ठ, पुष्पराज उपाध्याय, टिकाबहादुर बि.सी., इन्द्र प्रसाद ढुंगाना, जीबनाथ पोखरेल र अर्जुन भण्डारीलाई हालसाबिक कार्य गर्ने कसुरजन्य आरोपदावीबाट सफाई दिने गरी भएको फैसला त्रुटिपूर्ण रही बदरभागी रहेको।

- प्रतिवादी सुनिती राणाले आफ्नो पिता कनक शम्शेरले श्री ५ को सरकारबाट खरिद गरी काठमाण्डौ नगर २३ स.कि.नं.-१६ मध्येको कि.नं. २३ क्षे.फ.८ रोपनी जग्गा प्राप्त गरी आफ्नो नाममा कायम गराएको र सोही मध्ये काठमाण्डौ नगर २३ श कि.नं. २६ क्षे.फ.०-१२-२ रोपनीको जग्गा तत्कालीन श्री ५ को सरकारको नाममा कायम रही रहेको देखिएकोमा उक्त किन.नं. २६ को सरकारी जग्गा दर्ता गरीपाउ भनी सुनिती राणाले निवेदन दिएकोमा प्रतिवादी हेमाद्री शम्मशेरले समेत सो कुरालाई स्वीकार गरी आफ्नो हक दावी छाडि सुनिती राणाको नाममा छुट जग्गा दर्ता गर्न मन्जुरीनामा दिएको देखिएको। प्रतिवादी हेमाद्री शमशेर ज.ब.रा.ले मौकामा बयान गर्दा समेत सुनिती राणाको नाममा छुट जग्गा दर्ता गराउने बेलामा हक दावी छोडी दिएको सम्बन्धमा लेखेको निवेदन समेत सनाखत गरी दिएको। प्रतिवादी समेतले राष्ट्रसेबक कर्मचारीलाई अनुचित प्रभावमा पारी नेपाल सरकारको नाममा दर्ता कायम भईसकेको सरकारी जग्गा गैरकानूनी रूपमा आफ्नो आमा सुनिती राणाको नाममा पुनःछुट जग्गा दर्ता गर्नको लागि छोडपत्र गरीदिई आफू समेतलाई प्रत्यक्ष गैरकानूनी लाभ र नेपाल सरकारलाई गैरकानूनी हानि नोक्सानी गर्नमा मतियारको भूमिका खेलेको मिसिल संलग्न सवूद प्रमाणबाट पुष्टि भएको र अदालतबाट फैसला गर्दा प्रतिवादी हेमाद्री शमशेरले के कुन आधारमा उक्त कसुरबाट सफाई पाउने हो केही उल्लेख नगरी फैसला भएको। सम्मानित सर्बोच्च अदातलबाट भएको (ने.का.प २०६४ अंक ६ नि.नं. ७८६२) सिद्धान्त प्रतिपादन भएको। प्रतिवादी हेमाद्री शमशेरले छुट जग्गा प्रकृयामा सुनिती राणाको नाममा दर्ता गर्नमा सहमती जनाई जग्गा दर्ता प्रकृयामा मतियारको भूमिका निर्बाह गरेको मिशिल संलग्न प्रमाणबाट पुष्टि हुँदा हुँदै आधार र कारण बिना सफाई दिने गरी भएको फैसला त्रुटिपूर्ण रहेको।
- प्रतिवादीहरू मोहम्मद साबिर हुसैन,श्याम कुमार क्षेत्री र श्रीहरी पुडासैनीलाई अदालतले दावी भन्दा फरक दफाको कसुर गरेको ठहर गरी बिगोको दामासाहीले सजाय गरी फैसला गरेको अवस्था रहेको हुँदा उक्त फैसला सो हदसम्म त्रुटिपूर्ण रहेको। प्रतिवादीहरुले ललिता निवास क्याम्पभित्रको साविक हाँडिगाँउ मौजा हा.नं. ४५६ को लगत भिड्ने सरकारले कानून बमोजिम अधिग्रहण गरी सम्बन्धित जग्गा धनीहरूलाई कानून बमोजिम अधिग्रहण गरी सम्बन्धित जग्गाधनीहरूलाई कानून बमोजिमको सुनुवाईको मौका र उचित क्षतिपूर्ति समेत दिई प्राप्त गरी सरकारी स्वामित्वमा नै रहिरहेको, सरकारको नाममा दर्ता भईसकेको जग्गा पुनःव्यक्ति बिशेषको नाममा छुट जग्गा दर्ता गरिदिने कार्य गरी गराई सरकारी सम्पत्तिको हानि नोक्सानी, हिनामिना गरेको देखिदा आरोप दावी बमोजिमको सजाय गर्नुपर्नेमा दफा ८ (१) (ज) बमोजिमको कसुर गरेको ठहर गरी ऐ. दफा १७ बमोजिमको कसुर ठहर नगरेको सो हदसम्म त्रुटिपूर्ण रही बदरभागी रहेको।
- प्रतिवादी टिकाराम घिमिरेले ललिता निवास क्याम्पभित्रको साविक हाँडिगाउँ मौजा हा.नं. ४५६ को लगत भिड्ने सरकारले कानून बमोजिम अधिग्रहण गरी सम्बन्धित जग्गा धनीहरूलाई कानून बमोजिम सुनुवाईको मौका र उचित क्षतिपूर्ति समेत दिई प्राप्त गरी सरकारी स्वामित्वमा नै रहिरहेको समरजंग कम्पनीको नाममा जग्गाधनी दर्ता श्रेष्ता र प्रमाणपूर्जा समेत भएको सरकारी जग्गा गैरकानूनी रूपमा व्यक्ति विशेषको नाममा हालसाविक गरिदिने तथा एक पटक सरकारको नाममा दर्ता भईसकेको जग्गा पुनः व्यक्ति बिशेषको नाममा छुट जग्गा दर्ता गरिदिने कार्य गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८(१) (ज) र दफा १७ बमोजिमको भ्रष्टाचारजन्य कसुर गरेको देखिंदा यसरी प्रतिवादीले आरोप दावी बमोजिमको कसुर गरेको पुष्टि हुँदाहुदै उक्त दफा ८ (१) (ज) बमोजिमको कसुर गरेको ठहर गरी ऐ. दफा १७ बमोजिमको कसुर तथा सजाय के कुन आधार प्रमाणका आधारमा कसुर गरेको देखिएन भनी निष्कर्षमा पुगिएको हो भन्ने एउटै कारण फैसलामा नखुलाई भएको फैसला सो हदसम्म त्रुटिपूर्ण रही बदरभागी रहेको।
- प्रतिवादी तत्कालीन मालपोत अधिकृत हुपेन्द्रमणि के.सी.ले सरकारको नाममा दर्ता भईसकेको जग्गा पुनः व्यक्ति बिशेषको नाममा हालसाविक गरिदिने, सरकारी सार्वजनिक जग्गामा अनाधिकृत व्यक्तिहरूलाई मोही कायम गरी सट्टा भर्ना दिने र समरजंग कम्पनीको नामको सरकारी जग्गा अमुक गुठीको नाममा दर्ता गरी सो जग्गामा उनाउ व्यक्तिहरूलाई मोही कायम गर्ने प्रयोजनको लागि मन्त्रिपरिषद्मा पेश गर्नको लागि गलत लिखत तयार गर्ने समेतका गैरकानूनी कार्य गरी-गराई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८(१)(ज) र ऐ. दफा ९ र दफा १७ बमोजिमको कसुर गरी नेपाल सरकारको सम्पत्ति हानिनोक्सानी गरेको पुष्टि हुँदा हुँदै

दफा ८(१)(ज) बमोजिमको मात्र कसुर गरेको ठहर गरी दफा १७ बमोजिमको दावी नपुग्ने ठहर गरी दफा ९ बमोजिमको आरोप दावीका विषयमा फैसलामा पूरा नजर अन्दाज गरी सो विषयको दावीमा के हुने भन्ने कुनै बिबेचना नगरी भएको फैसला सो हदसम्म त्रुटिपूर्ण रही बदरभागी रहको।

- प्रतिवादी कमल घिमिरे मध्येका मौकामा अधिकार प्राप्त अधिकारी समक्ष बयान गर्दा नापी कार्यालय काठमाण्डौबाट मिति २०६७।०५।२८ मा मालपोत कार्यालय डिल्लीबजारलाई लेखेको पत्रमा भएको हस्ताक्षर आफ्नो भएको भनी बयान गरेको। प्रतिवादी जनक बहादुर भण्डारीले मौकामा बयान गर्दा भवन निर्माण संभार डिभिजन कार्यालय अनामनगर काठमाण्डौबाट माग भई आएका विवरण नक्सामा रेखांकन गरी क्षेत्रफल समेतको संलग्नता गरी पठाईएको हो, नापी कार्यालय काठमाण्डौको च.नं. २६४८ मिति २०६६।११।२५ को पत्रमा भएको हस्ताक्षर मेरो हो भनी बयान गरी आफू विरुद्धको आरोपदावीको कसूरमा साबित भई बयान दिएको स्पष्ट देखिदा देखिदै आरोपदावी बमोजिमको कसूर ठहर नगरी भएको फैसला सो हद सम्म त्रुटिपूर्ण हुँदा बदरभागी रहेको।
- प्रतिवादी इन्जिनियर राजेन्द्रमान श्रेष्ठ,सिनियर डिभिजन ईन्जिनियर बालकृष्ण श्रेष्ठ,डिभिजन प्रमुख सुरोजराज राज कर्णिकार र महानिर्देशक अशोक कुमार उप्रतीले ललिता निवास क्याम्पभित्रको साविक हाँडिगाउँ मौजा हा.नं. ४५६ को लगत भिड्ने सरकारी स्वामित्वमा साविक देखि नै बाटो तथा राजकूलोको रूपमा रहेका १९-१५-१-२ रोपनी सरकारी,सार्वजनिक जग्गा सरकारको नामबाट दुषित तवरले दाखिल खारेज गरी अनाधिकृत व्यक्तिहरूको नाममा सट्टाभर्ना दिने उद्देश्यले सरकारी सार्बजनिक जग्गामा बिना आधार प्रमाण ब्यक्ति बिशेषलाई जग्गा धनी तथा मोही कायम गर्ने गराउने गरी राय टिप्पणी पेश गर्ने तथा सो जग्गामा उनाउ ब्यक्तिहरूलाई मोही कायम गर्ने प्रयोजनको लागि मन्त्रिपरिषद्मा प्रतिवेदन तथा प्रस्ताव पेश गर्ने गरी गैरकानूनी रूपमा गलत लिखत (प्रस्ताव) तयार गर्ने कार्य गरेको।सम्मानित सर्वोच्च अदालतबाट सार्जन पाण्डे समेत विरूद्ध नेपाल सरकार भएको मुद्दामा "सरकारी वा सार्वजनिक सम्पत्ति हिनामिना वा दुरुपयोग भएको कुरा उसको व्यवहार (By conduct) बाट देखिने हुन्छ। By conduct अर्थात् कार्य तत्वले नै बदनियत तत्व र मनसाय तत्व पत्ता लाग्छ" (, सर्वोच्च अदालत बुलेटिन, २०६६ मंसिर १, पूर्णाङ्क ४१७, पृष्ठ १९ र २०) भनी सिद्धान्त प्रतिपादन भएको।यस्तै "कर्ताको व्यवहार एवं कार्य तत्वले नै बदनियत र मनसाय तत्व पत्ता लाग्छ "(नेपाल सरकार बि.अजयकुमार यादव सर्बोच्च अदालत बुलेटिन २०६६ पूर्णाङक ६०९ पृ.४७) भन्ने सिद्धान्त प्रतिपादन भएको। प्रतिवादीहरूलाई निजहरूको बदनियत पुष्टि हुन नसकेको भनी सफाई दिने गरी भएको फैसला मिसिल संलग्ग तथ्य प्रमाण र सम्मानित सर्बोच्च अदालतबाट प्रतिपादित सिद्धान्त प्रतिकुल भई बदरभागी रहेको।
- प्रतिवादी बिजयकुमार गच्छदारलाई अदालतबाट फैसला गर्दा मन्त्रिपरिषद्को सामूहिक निर्णयका मूल निर्णयकर्ता रहेको,सोही सामूहिक निर्णयको अक्षुण्यताको संरक्षण यी प्रतिवादीलाई समेत जाने, यी प्रतिवादीको कुनै हदसम्म संलग्नता देखिए पनि वदनियत पुष्टि हुन नसकेको भन्ने आधार लिई सफाई दिएको।फौजदारी कसूरमा सम्लग्न कुनै पनि कसूरदारका हकमा कुनै पद वा हैसियत वा निजको प्रभाव वा औकातलाई मापन गरी फौजदारी दायित्वबाट उन्मुक्तिको वा सफाई दिन नमिल्ने। निज प्रतिवादीको हकमा निज विरुद्धको कसूरमा संलग्नताका तथ्यगत आधार र मिसिल सम्लग्न सबूद प्रमाणलाई विशेष अदालतले दिग्भ्रमित पार्ने गरी नीतिगत निर्णय गर्ने हैसियतको व्यक्ति भनी गलत ब्याख्या विश्लेष्ण गरी फैसला गरेको।

प्रतिवादीले ललिता निवासको सरकारी जग्गा व्यक्ति विशेषको नाममा पुग्न विभागीय मन्त्रीको उक्त निर्णय जिम्मेवार रहेको तथ्य फैसलामा स्वीकार गरिएको तर सरकारी जग्गा जमिन तथा सम्पत्तिको हकभोग स्वामित्वका विषय र त्यस्तो हक भोग स्वामित्वको जग्गाको सट्टापट्टाको विवादको विषय विभागीय मन्त्रीको क्षेत्राधिकार बाहिरको विषय र भूमिसुधार तथा व्यवस्था मन्त्रालयको हो भन्ने कुरा निज प्रतिवादीलाई निर्णय गर्नु पहिले नै राम्रोसँग थाहा जानकारी हुँदा हुँदै जानी जानी गरेको विभागीय मन्त्रीको निर्णय सम्बन्धी काममा बदनियत देखिदैन भन्ने विशेष अदालतको फैसला सरासर त्रुटिपूर्ण रहेको। मन्त्रिपरिषद्को सदस्य हुनु नै भ्रष्टाचारजन्य फौजदारी कसूर उन्मुत्तिको कबच बनाउने आधार बन्ने बनाउने गरी भएको फैसला सरासर

त्रुटिपूर्ण रहेको। सर्वोच्च अदालतबाट बालकृष्ण न्यौपाने विरुद्ध मन्त्रिपरिषद सचिवालय समेत भएको उत्प्रेषण परमादेश समेतको रिट निवेदनमा (ने.का.प. २०५३नि.नं. ६२०५) प्रतिपादित नजिर सिद्धान्तका आधारमा कसुरजन्य कार्यबाट कसैले उन्मुक्ति नपाउनेमा उक्त नजिर सिद्धान्तको अवलम्बनमा त्रुटी रहेको।

उक्त प्रतिवादीले मिति २०६६।१२।१९ गते मन्त्रिपरिषद्मा पेश गरेको प्रस्तावमा बिभागीय मन्त्री एवं उपप्रधानमन्त्रीको हैसियतमा मन्त्रालयको तर्फबाट निर्णय गरेको देखिएको।विशेष अदालत स्वयंबाट समेत कुनै न कुनै हदसम्म विभागीय मन्त्रीको संलग्नता देखिएको भनी फैसलामा उल्लेख भएको। प्रतिवादी बिजयकुमार गच्छदारले अनुसन्धानको बखत अधिकार प्राप्त अधिकारी समक्ष बयान गर्दा तत्कालीन भौतिक योजना तथा निर्माण मन्त्रालयबाट भएका निर्णयहरूका सम्बन्धमा २०६५/०६६सालमा तयार भएको गुरूयोजना कार्यान्वयन गर्न मन्त्रिपरिषद्मा प्रस्ताव पठाउदा गरेको हस्ताक्षर मेरो हो, बिशिष्ट ब्यक्तिहरूको निवास विस्तार गर्ने सम्बन्धमा तयार भएको गुरूयोजना लागू गर्नको लागि सचिवले तयार गरी पेस गरेको प्रस्ताव मन्त्रिपरिषद्मा लैजानको लागि स्वीकृत दिएको हुँ भन्ने समेत व्यहोराको बयान गरेको। अदालतमा उपस्थित भई बयान गर्दा प्रकृयागत रूपमा टिप्पणी उठ्दै आएकोले सो टिप्पणी निर्णयको लागि मन्त्रिपरिषद्को नीतिगत निर्णयको आवश्यक रहेको देखिई मन्त्रिपरिषद्मा पेस गर्ने प्रयोजनको लागि मिति२०६६।१२।१९ मा टिप्पणी सदर गरेको हो। साथै मिति २०६७।०३।२ को त्रुटि संशोधन गर्न मन्त्रिपरिषद्मा लग्ने भनी टिप्पणी सदर गरेको भनी बयान गरेपनि सरकारी सार्बजनिक जग्गामा मोही कायम गर्ने भन्ने निर्णय नीतिगत निर्णयको आडमा सरकारी जग्गा बितरण गर्ने सुनियोजित उद्देश्यले एकपटक निर्णय भईसकेको निर्णयलाई पुनः संशोधन गर्न दोस्रो पटक टिप्पणि सदर गरेको देखिदा प्रतिवादीको बद्नियत पुष्टि हुन आएको। यस्ता बद्नियत तथ्य पुष्टि हुने प्रतिवादी विरुद्धका सबूद प्रमाणलाई फैसला हुँदा गोलमटोल ब्याख्या विश्लेषण गरिएको।

मन्त्रिपरिषद् वा त्यसको कुनै समितिले सामूहिक रुपमा गरेको नीतिगत निर्णय बाहेक त्यस्तो निर्णय कार्यान्वयन प्रक्रियामा, अथवा सामूहिक रुपमा नगरिएको कुनै मन्त्रीले र मन्त्रिपरिषद्को नीतिगत निर्णय र कुनै मन्त्रीले अपनाएको विभागीय नीति वा निर्णय सम्बन्धमा पक्षपात, लापरवाही, मोलाहिजा, स्वेच्छाचारीता, वेवास्ता, ढिलासुस्ती अक्षमता इत्यादि अख्तियार दुरुपयोगको विषयमा चाहि अख्तियार दुरुपयोग अनुसन्धान आयोगले मन्त्रिपरिषद्को सदस्य उपर कारवाही चलाउन दफा ४ को उपदफा (४) को व्यवस्थाले बाधा नदिने हुँदा अरु विवेचना गर्नु परेन। "उक्त निर्णयाधार निम्न बमोजिम बुँदामा उल्लेख गरिएको छः-मन्त्रिपरिषद् वा त्यसको कुनै समितिले सामूहिक रुपमा गरेको नीतिगत निर्णय बाहेक,

- त्यस्तो निर्णय कार्यान्वयन प्रक्रियामा, कुनै मन्त्रीको एकल निर्णय (सामूहिक रुपमा नगरिएको), कुनै मन्त्रीले अपनाएको विभागीय नीति वा निर्णय सम्बन्धमा,
- पक्षपात लापरवाही मोलाहिजा स्वेच्छाचारिता बेवास्ता अक्षमता इत्यादी अख्तियार दुरुपयोगको विषयमा, आयोगले मन्त्रिपरिषद्को सदस्य उपर कारवाही चलाउन दफा ४ को उपदफा (४) को व्यवस्थाले वाधा नदिने।
- उक्त नजिर सिद्धान्तले मन्त्रिपरिषद्ले सामूहिक रुपमा गरेको नीतिगत निर्णय बाहेक कुनै विभागीय मन्त्रीले एकल निर्णयमा भ्रष्टाचारको छानविन गर्न वाधा नपर्ने भनिएको छ। यी प्रतिवादी बिजयकुमार गच्छदार उपर मन्त्रिपरिषद्बाट गरिएको निर्णयबाट भएको हानि नोक्सानीका आधारमा निज उपर अभियोजन गरिएको नभई निजले एकल बिभागीय मन्त्रीको हैसियतले मन्त्रिपरिषद्मा पेश गर्नु पूर्बको प्रस्ताबलाई स्वीकार गरी मन्त्रालयगत निर्णयमा गरे भएका काम कारवाही एवं दिईएको निर्देशनको आधारमा अभियोजन गरिएको हो। विभागीय मन्त्रीबाट उक्त कार्य गरे भएको भन्ने प्रष्ट देखिन्छ।यसरी प्रतिवादीहरूको एक आपसमा नियोजित योजना अनुरुप प्रतिवादीहरुको सामूहिक मिलोमतोमा मन्त्रिपरिषद्मा प्रस्ताव पुऱ्याई सोको आडमा कसुरबाट उन्मुक्ति पाउन सकिने उद्देश्य राखी कर्मचारीबाट प्रस्ताव पेश गर्न लगाई सोही प्रस्तावलाई बिभागीय मन्त्रीको हैसियतमा यी प्रतिवादीले स्वीकृत दिए पश्चात नै उक्त प्रस्ताव कर्मचारीले अर्थात सचिवले उक्त प्रस्ताव मन्त्रिपरिषद्मा पेश गरी मन्त्रिपरिषद्बाट स्वीकृत गराई सरकारी जग्गा हिनामिना गरेको पुष्टि हुँदा हुँदै मन्त्रिपरिषद्को सदस्यको रूपमा रहेको भनी गलत अर्थ लगाई कर्मचारीलाई मात्र जिम्मेवार बनाई

राजनीतिज्ञलाई उन्मुक्ति दिने गरी भएको विशेष अदालतको फैसला देहायका दृष्टान्त समेतका आधारमा बदरभागी रहेको।

- बेलायतमा मन्त्रीका रुपमा रहेका Jonathan Aitken (1999) लाई Saudi Arms deals मा संलग्न भएको विषयमा निजले तत्काल झुठा तर्क गरेका आधारमा Perjury and perverting the course of justice को मुद्दामा अभियोजन भएकोमा निजलाई १९९९ मा ठहर हुँदा १८ महिना कैद भएको थियो। (स्रोतः The Guardian, Tue ८ Jun १९९९, १६.४४ BST, ४.४५ PM Update)।
- भारतमा लालु यादव विहारको मुख्यमन्त्री हुँदा Cattle Fodder मा सरकारी कोष दुरुपयोग गरेका आरोपमा अभियोजन भएकोमा २०१३ मा Railway Minister हुँदा ५ वर्ष कैद सजाय भएको थियो।
- भारतमा २०१७ मा प्रधानमन्त्री मनमोहन सिंहको Cabinet मा A Raja Telecom Minister रहेका थिए। निजले जिम्मेवार मन्त्रीको हैसियतमा हुँदा २G Spectrum Licences वितरण गर्दा बजार भाउ भन्दा कममा दिएका थिए। यो निर्णय Cabinet level बाट पनि भएको थियो। यसबाट Exchequer लाई Massive loss भएको थियो। मन्त्रीलाई Corruption and Conspiracy मा अभियोजन भएकोमा पछि प्रमाणको अभावमा निजलाई सफाई दिएको देखिएको।
- भारतमा P. Chidambaram (२०१९) Finance Minister हुँदाINX Media लाई विदेशी लगानी स्वीकृत गरेका सो स्वीकृति Cabinet Level Financial Approvals बाट पनि भएको थियो। सो वापत घुस लिएका थिए। Corruption and Money Laundering case को आरोपमा अभियोजन भएकोमा हालसम्म सुनुवाईको क्रममा रहेको देखिएको।

- उल्लिखित आधारमा मन्त्रीको भूमिका र Cabinet Member को भूमिका फरक गरी फौजदारी कसुरमा अभियोजन भएको पाइन्छ। नीतिगत निर्णयको अक्षुण्णताको संरक्षण शुद्ध नीतिगत निर्णयमा मात्र हो फौजदारी कसुरमा होइन भन्ने स्पष्ट हुन्छ।
- नेपाल सरकार मन्त्रिपरिषद्का सबै सदस्यले सामूहिक रुपमा नियोजित तवरले बदनियतपूर्वक यो यस प्रकारको भूमिका निभाई ललिता निवास क्षेत्रको उल्लिखित सरकारी जग्गा व्यक्ति विशेषको नाममा दर्ता गरी गराई तथा हक हस्तान्तरण गरी गराई गैरकानूनी व्यक्तिगत लाभ लिने उद्देश्यले नेपाल सरकार मन्त्रिपरिषद्बाट सामूहिक निर्णय गरे गराएको भन्ने कुरा अनुसन्धानबाट संकलित सवूद प्रमाणबाट उजागर हुन सकेको देखिदैन। यसको अर्थ नेपाल सरकार मन्त्रिपरिषद्को सदस्य हुनु नै सर्वखत क्षम्य हुनु भन्ने हुन सक्तैन। नेपाल सरकार मन्त्रिपरिषद्का सदस्य मध्ये जो जुन सदस्यको त्यस प्रकारको फौजदारी कसुरमा संलग्नता देखिन्छ सोही व्यक्ति सजायको भागिदार हुनु पर्ने फौजदारी कानूनको सिद्धान्त हो। कसुर गर्ने व्यक्तिले अन्य व्यक्ति पनि आफू सरह कसुरदार ठहर हुनु पर्छ वा अरु व्यक्तिले पनि दण्ड पाउनु पर्छ भन्ने निजको जिकिरले कसुर गर्ने व्यक्तिको हकमा निजको त्यस प्रकारको तर्क सफाइको आधार बन्न सक्तैन। मन्त्रिपरिषद्को सदस्य मध्ये सवूद प्रमाणबाट जो जो व्यक्ति कसुरमा सम्लग्न भएको पुष्टी हुन्छ त्यो त्यो व्यक्ति दण्डित हुनु पर्छ। मन्त्रिपरिषद्को सदस्य मध्ये जो जो व्यक्ति कसुरमा सम्लग्न भई निर्णय गर्न गराउन नियोजित तवरले झुट्टा तथ्य ब्यहोरा उल्लेख गरी प्रस्ताव तयार गरी गराई नेपाल सरकार मन्त्रिपरिषद्बाट बदनियतपूर्वक गैरकानूनी व्यक्तिगत लाभ लिई तथा लिने उद्देश्यले नेपाल सरकार मन्त्रिपरिषद्बाट सामूहिक निर्णय गरे गराएको भन्ने कुरा अनुसन्धानबाट संकलित सवूद प्रमाणबाट उजागर भएको अवस्थामा कोही व्यक्ति नेपाल सरकार मन्त्रिपरिषद्को सदस्य भएकै कारणले प्रचलित नेपालको संविधान तथा अन्य कुनै कानूनबाट मात्र फौजदारी कसुर र सोको दण्डको दायित्वबाट उन्मुक्ति पाउन कदापी सक्तैन। नीतिगत निर्णय र नीतिगत निर्णयका नाममा हुने भ्रष्टाचारलाई अलग अलग तवरले हेरिनु पर्ने कुरा यसरी प्रष्टयाईको पाइएको। (A "policy decision" is a choice made by a governing body based on considered analysis and the public interest, while "policy corruption" occurs when a policy

decision is influenced by personal gain, bribery, or undue influence, essentially prioritizing private interests over the public good, often through manipulation or abuse of power by decision-makers.)

- प्रतिवादी विजय कुमार गच्छदार, डम्बर श्रेष्ठ,दुबै जनाले विभागीय मन्त्रीले पेश गर्ने प्रस्ताव आ-आफ्नो कार्यकालमा मन्त्रिपरिषद्मा पेश गरेको र उक्त प्रस्ताव मन्त्रिपरिषद्ले स्वीकृत गरी निर्णय गरेकोले आफ्नो कुनै दायित्व र जिम्मेवारी नहुने अर्थ गरी बयान गरेको। भ्रष्टाचार जस्तो फौजदारी कसुरको दण्डनीय दायित्व हुने कसुर गर्ने पदाधिकारीलाई मन्त्रिपरिषद्को निर्णयलाई नीतिगत निर्णयको आवरणमा कसुर ढाकछोप हुन सक्तैन मिति २०२१।८।१७ को नेपाल राजपत्रमा प्रकाशित ललिता निवासको चार किल्ला भित्रको नेपाल सरकारले रीतपूर्वक प्राप्ति गरेको (जग्गा धनीलाई प्रचलित मूल्य बराबरको क्षतिपूर्ति रकम दिई खरिद प्राप्ति गरेको) जग्गा हो भन्ने कुरा जानी जानी व्यक्ति विशेषको नाममा दुषित दर्ता गर्ने गराउने, त्यस्तो दुषित दर्ताको जग्गा हकहस्तान्तरण गर्ने गराउने,दुषित दर्ताको जग्गा सट्टा पट्टा गर्ने गराउने कसुरजन्य कार्यको निर्णय मन्त्रिपरिषद्बाट गराई नीतिगत निर्णयको आवरणमा आँफू तथा व्यक्ति विशेषलाई गैरकानूनी लाभ र नेपाल सरकारलाई गैर कानूनी हानिनोक्सानी एवं सरकारी जग्गा दुरुपयोग हिनामिना हुने गरी मन्त्रिपरिषद्मा प्रस्ताव पुऱ्याई निर्णय गर्ने गराउने प्रतिवादीहरु विजय कुमार गच्छदार, डम्बर श्रेष्ठ समेतका प्रतिवादीले गरेका कसुरजन्य कार्यलाई कुनै हालतमा नीतिगत निर्णय भन्न मिल्ने नदेखिएको।
- यस्तो स्थितिमा यस अदालतमा पटक पटक परेको रिट निवेदनहरु एवम् मिसिल संलग्न कागजात हेर्दा माथि प्रकरणहरुमा उल्लेख गरिए झैं भइरहेको अनुसन्धान तहकिकातको कार्य अवस्था जो जसको निर्णय एवम् निर्णय प्रकृयाले नेपाल सरकारको जग्गा व्यक्तिका नाममा गएको छ त्यस्ता निर्णयाधिकारी, पदाधिकारी अनुसन्धानको दायरामा रहेको विश्वस्त हुन सकिने नदेखिएको तथा अह्राएको काम गर्ने स्तरका कर्मचारी एवम् सम्पत्ति लगानी गरी जग्गा खरीद गर्नेहरु समेततर्फ अनुसन्धान बढी केन्द्रित भएको अवस्था देखिँदा समग्र न्याय प्रणाली प्रतिको आम विश्वासको जोखिमतालाई मध्यनजर गर्दै प्रस्तुत सँगठित अपराधका विषयमा योजनाबद्ध रुपमा एंव पूर्व तयारीमा संलग्न व्यक्तिहरु समेत माथि प्रकरणमा उल्लेख भएबमोजिम मिति २०२१।८।१७ मा प्रकाशित नेपाल राजपत्रको सूचना बमोजिमको नेपाल सरकारको नामको ललिता निवासको जग्गा व्यक्ति विशेषका नाममा नामसारी दाखिल खारेज दर्ता वा मोही कायम हुने गरी मिति २०६६।१२।२९ र मिति २०६७।१।३१, मिति २०६७।४।२८ तथा मिति २०६९।६।१८ को नेपाल सरकार मन्त्रिपरिषद्को निर्णय तथा निर्णय प्रमाणित गरी कार्यान्वयन तहमा प्रत्यक्ष रुपमा संलग्न हुनेहरु, मन्त्रालयस्तरमा सो निर्णय गर्न किटानी प्रस्ताव पेश गर्ने वा प्रस्तावमा संलग्न माथिल्लो तहको पदाधिकारी वा अधिकारीको पदसोपान (अनुसन्धानकर्ताको सवाल बमोजिमको "पिरामिड" को माथिल्लो तह) बाटसमेत गरी अब उप्रान्तको थप अनुसन्धान कार्य अविलम्ब सम्पन्न गर्नु गराउनु भनी प्रत्यर्थीहरुका नाममा नेपालको संविधानको धारा १३३ को उपधारा (३) बमोजिम यो आदेश जारी गरिदिएको छ।" भन्ने आदेश भएको।
- यसरी प्रतिवादीहरूको सामूहिक मिलोमतोमा मन्त्रिपरिषद्को आडमा कसुरबाट उन्मुक्ति पाउन कर्मचारीबाट प्रस्ताव पेश गर्न लगाई सोही प्रस्तावलाई बिभागीय मन्त्रीको हैसियतमा यी प्रतिवादीले स्वीकृत दिए पश्चात नै उक्त प्रस्ताव कर्मचारीले अर्थात सचिवले उक्त प्रस्ताव मन्त्रिपरिषद्मा पेश गरी मन्त्रिपरिषद्बाट स्वीकृत गराई सरकारी जग्गा हिनामिना गरेको पुष्टि हुँदा हुँदै मन्त्रिपरिषद्को सदस्यको रूपमा रहेको भनी गलत अर्थ लगाई कर्मचारीलाई मात्र जिम्मेवार बनाई राजनीतिज्ञलाई उन्मुक्ति दिने गरी भएको फैसला त्रुटिपूर्ण रही बदरभागी रहेको।
- प्रतिवादी डम्बर श्रेष्ठले सरकारी स्वामित्वमा नै रहिरहेको सरकारी र साविकदेखि नै बाटो तथा राजकूलोको रूपमा रहेका १९-१५-१-२ रोपनी जग्गा सरकारी, सार्बजनिक जग्गा अनाधिकृत व्यक्तिहरूलाई मोही कायम गरी सट्टा भर्ना दिने र सो जग्गामा उनाउ व्यक्ति तथा संस्थाहरूलाई मोही कायम गर्न गराउनको लागि मन्त्रिपरिषद्मा पेश गर्ने प्रयोजनको लागि गैरकानूनी रूपमा तयार गरिएको प्रस्ताव बिभागीय मन्त्रीको हैसियतले मिति २०६७।१।२७ मा स्वीकृत जनाएको। मिति २०६७।१।३१ को मन्त्रिपरिषद्को सामूहिक निर्णयको हस्ताक्षर कर्ता रहेको अर्थ लगाई उन्मुक्ति दिएको। मिति २०६७।०१।२७ को मन्त्रिपरिषद्मा पेश हुने

प्रस्ताव स्वीकृत गरी मन्त्रिपरिषद्मा पेश गर्न स्वीकृत गरेको कारण नै उक्त निर्णय भएको देखिएको। मन्त्रिपरिषद्मा पेश गर्ने प्रस्ताव तयार गर्ने र उक्त प्रस्ताव कार्यान्वयन गर्ने कर्मचारीको बदनियत पुष्टि भई कसूर ठहर तथा सजाय हुने तर उक्त जुन प्रस्तावको स्वीकृत गर्ने ब्यक्ति राजनीतिक ब्यक्ति भएको कारणले नै कसुरबाट उन्मुक्ति पाउने भनी यी प्रतिवादीलाई सफाई दिन नमिल्ने। सम्मानित बिशेष अदालतबाट ने.का.प.२०५३ नि.नं.६२०५मा प्रतिपादित सिद्धान्तको यी प्रतिवादीका हकमा गलत अर्थ लगाई फैसला गरेको देखिएको। मन्त्रिपरिषद्का सबै सामूहिक सदस्यको कसूरमा संलग्नता रहेको प्रमाणको अभाव तथा बदनियत पूर्ण निर्णय गरेको पुष्टी नभएको भन्ने अवस्था भएपनि सोही मन्त्रिपरिषद्का कसूर पुष्टि हुने मन्त्रिपरिषद्का अन्य सदस्यका हकमा पनि मन्त्रिपरिषद्का सबै सामूहिक सदस्यहरुको सोही आधार वा सुविधा यी प्रतिवादीका हकमा पनि आकर्षण हुने भनी विशेष अदालतबाट ब्याख्या हुनु सरासर त्रुटिपूर्ण रहेको। कसूर गर्ने मन्त्रिपरिषद्का सम्बन्धित सदस्यका हकमा तथ्य कानून र कसूरदारको भूमिकालाई प्रतिव्यक्ति कसूर र प्रमाणका आधारमा नहेरी न्याय तथा कानूनका मान्य सिद्धान्त विपरीत अपारदर्शी, विभेदपूर्ण, अन्यायिक ब्याख्या गरी यी निर्णयकर्ता प्रतिवादीलाई सफाई दिने गरी भएको फैसला त्रुटिपूर्ण रही बदरभागी रहेको।

- प्रतिवादीहरू मालपोत कार्यालयका तत्कालीन प्रमुख हरिकृष्ण तिमल्सिना, शाखा अधिकृत परशुराम पोखेल, शाखा अधिकृत कृष्ण प्रसाद पौडेल,नायब सुब्बा प्रकाश नारायण भट्ट, नायब सुब्बा टंकनाथ पौडेलले ललिता निवास क्याम्पभित्रको साविक हाडिगाँउ मौजा हा.नं. ४५६ को लगत भिड्ने सरकारले कानून बमोजिम अधिग्रहण गरी सरकारी स्वामित्वमा नै रहिरहेको सरकारी र बाटो तथा राजकुलो समेतका सार्बजनिक जग्गामा अनाधिकृत ब्यक्तिहरुलाई गैरकानूनी रूपमा दाखिल खारेज,नामसारी र सट्टा भर्ना दिने कार्यमा नायव सुब्बा टंक पौडेल र प्रकाश भट्टले फाँटवालाको हैसियतले टिप्पणी उठान गर्ने, शाखा अधिकृत कृष्ण प्रसाद पौडेल र मालपोत अधिकृत परशुराम पोखरेलले शाखाबाट टिप्पणी पेश गर्ने, मालपोत अधिकृत हरिकृष्ण तिमिल्सेनाले कार्यालय प्रमुखको हैसियतमा निर्णय गर्ने कार्य गरेको देखिएको।सर्बोच्च अदालतको मिति २०६४।११।३० को फैसला र मन्त्रिपरिषद्को मिति २०६७।०१।३१ को निर्णय समेतलाई उदृत गरी मालपोत कार्यालय डिल्लीबजारबाट मोही भनिएका श्रीकृष्ण महर्जन समेत १२ जना को निबेदनको आधारमा १२ जना मोहीहरूले मोही वापत प्राप्त गर्ने जग्गाहरू विवरणसहित तत्कालीन ना.सु.प्रकाश भट्ट र टंक पौडेलले टिप्पणी उठाई शाखा अधिकृत कृष्ण पौडेलले कार्यालय प्रमुख हरिकृष्ण तिमिल्सेना समक्ष पेस गरेको र प्रतिवादी हरिकृष्ण तिमिल्सेनाले पेस भए अनुसार संलग्न मन्त्रिपरिषको निर्णय, मन्त्रालयको पत्र र प्राप्त अनुसूची बमोजिम हुने गरी निर्णय कार्यान्वन गर्ने गरी मिति २०६७।०८।१६ मा सदर गरेको। प्रतिवादीहरूले सरकारी जग्गा ब्यक्ति बिशेषको नाममा दर्ता नामसारी गरी उल्लिखित जग्गा नामसारी गर्दा नेपाल सरकारलाई हानिनोक्सानी समेत भएको देखिदा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८(१)(ज) र सोही ऐनको दफा १७ बमोजिमको समेत कसुर गरेको पुष्टि भएको देखिदा प्रतिवादीहरूलाई सोही बमोजिम सजाय गर्नु पर्ने दफा १७ बमोजिमको कसुरको हदसम्म दावी नपुग्ने ठहर गरी भएको फैसला सो हदसम्म त्रुटिपूर्ण रही बदरभागी रहेको।
- प्रतिवादी मध्येका डि.एल.डेभलपर्स प्रा.लि.का संचालक कैलाशचन्द्र गोयल, माधवी सुवेदी, उमाकुमारी ढकाल्नी, रजनी पनेरू, अगम ढुंगाना, भाटभटेनी डेभलपर्स कम्पनी प्रा.ली.का संचालक मीन बहादुर गुरूङ, लक्ष्मी ढकाल, खेमलाल खरेल, बाबा कार्किले राष्ट्रसेवक कर्मचारी, पदाधिकारीलाई अनुचित प्रभावमा पारी ललिता निवास क्याम्प भित्रको सरकारी, सार्बजनिक जग्गा गैरकानूनी रूपमा आफू समेतको नाममा सट्टा भर्ना गरी गराई आफूलाई प्रत्यक्ष लाभ र नेपाल सरकारलाई प्रत्यक्ष हानि नोक्सानी पुऱ्याएको। प्रतिवादीहरूले समेत मौकामा बयान गर्दा ललिता निवास क्याम्प भित्रको जग्गा निजहरूको नाममा लिएकोमा स्वीकार गरेको। प्रतिवादी मध्येका रजनी पनेरूले मौकामा बयान गर्दा श्रीमान डि.एस.एफ.डेभलपर्सको कर्मचारी भएको नाताले बिश्वासको आधारमा कम्पनीले मेरो नाममा राखेको र पछि जागिर छोडेपछि सो जग्गा कम्पनीको मालिक श्रीमती निर्मलादेवी गोयलको नाममा फिर्ता गरेको भनी बयान गरी उक्त जग्गा निजको नाममा लुकाई छिपाई राखेको भन्ने स्वीकार गरेको। यस्तै डि.एल.एफ डेभलपर्स प्रा.लि.का संचालक कैलाशचन्द्र गोयलले समेत बालुवाटार स्थित ललिता निवास क्याम्पभित्रका जग्गाहरू राम कुमार सुवेदी,माधवी सुवेदी समेतको संयुक्त नाममा भएका

जग्गाहरू कि.नं. २५३,२५२, रूपेश सुबेदीको संयुक्त नाममा रहेको जग्गा कि.नं. २५५,२९१,२१६ र ५१९ त्यसैगरी माधवी सुबेदीको नाममा रहेको कि.नं. २९२,२५४,२४०,२३९,२४१,२४२,२५१,२९०,२८९ र २३५ का जग्गाहरू प्रा.लि. ले भुक्तानी गरी रजिष्ट्रेशन पारित गरेको हो भन्ने समेत व्यहोराको बयान गरी प्रतिवादीहरूको मिलोमतोमा धेरै कित्ता जग्गाहरू आफ्नो र कम्पनीको नाममा कायम गरेको स्वीकार गरेको निजको बयानबाट देखिएको। प्रतिवादी बाबा कार्कीले मौकामा बयान गर्दा ललिता निवास क्याम्पभित्र रहेको कि.नं. १४४,२१९,६१३,३४ र १२८ का कित्ताहरू म समेतको ५ जनाको नाममा कायम रहेको र कि.नं. ७४० को जग्गा व्यक्तिगत नाममा रहेको उक्त जग्गाहरू शैलजा राणा,हेमनशम्शेर, हाटक शम्शेर र हाटक शम्शेरबाट २०६० सालमा लिएको भन्ने समेत व्यहोराको बयान गरेबाट समेत यी प्रतिवादीको उक्त जग्गा आफ्नो नाममा कायम गर्न शैलजा राणा समेतका प्रतिवादीहरुसँग मिलोमतो गरेको भन्ने खुल्न आएको। प्रतिवादी मध्येका मीनबहादुर गुरूङले बयान गर्दा भाटभटेनी डेभलपमेन्ट प्रा.लि.को नाममा बालुवाटारका जग्गाहरू बिभिन्न व्यक्तिहरूबाट खरिद गरी र केही कित्ता जग्गा प्रधानमन्त्री निवास बिस्तारको क्रममा मन्त्रिपरिषद्को निर्णयबाट सट्टा भर्नाबाट आएको हो भन्ने समेत व्यहोराको बयान गरेबाट समेत प्रतिवादीहरू उपरको आरोप दावी पुष्टि भएको। प्रतिवादी मध्येका लक्ष्मी ढकाल,चमेली श्रेष्ठ,अगम ढुंगानाको नाममा आयोगमा उपस्थित हुन आउनु भनी गोरखापत्र राष्ट्रिय दैनिकमा सार्बजनिक सूचना जारी गरेकोमा निजहरू आफ्नो भनाई राख्न उपस्थित नभई आरोपित कसुर स्वीकार गरेको। यस्तो अवस्थामा प्रतिवादीहरूलाई आरोपदावी बमोजिम सजाय गर्नुपर्नेमा व्यक्तिहरूको नाममा रहेको जग्गा मात्र जफत गरी अन्य माग दावी पुग्न नसक्ने भन्ने बांक्याश उल्लेख गरी अन्य आरोपदावी के कुन आधारमा पुष्टि हुन नसकेको हो भन्ने आधार र कारण समेत केही उल्लेख नगरी प्रतिवादीहरू डि.एल.एफ.डेभलपर्स प्रा.लि.का संचालक कैलाशचन्द्र गोयल,उमाकुमारी ढकाल्नी,रजनी पनेरू,बाबा कार्की र अगम ढुंगाना समेतलाई निजहरूको नामको जग्गा जफत गर्ने र प्रतिवादीहरूलाई सफाई दिने गरी भएको फैसला सो हदसम्म त्रुटिपूर्ण रहेको।

- मोहीको हैसियतमा जग्गा प्राप्त गर्ने भूमिकामा रही गैरकानूनी लाभ लिएका प्रतिवादीहरू श्रीकृष्ण महर्जन,द्धारिकामान महर्जन,ग्वाराभाइ महर्जन,मचानानी महर्जन,बाबुराजा महर्जन,रेना गुरूङ,तीर्थमाया महर्जन(आशा नारायण महर्जनको श्रीमती) तीर्थमाया महर्जन(नाती महर्जनको श्रीमती,देव नारायण महर्जन(नाती महर्जनको छोरा),देव नारायण महर्जन (ड्राईभर भाइचाको नाति आशाकाजी महर्जनको छोरा),कान्छा महर्जन,हर्क नारायण भन्ने हर्ष महर्जनलाई भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा ८ को उपदफा (१) को खन्ड (ज) बमोजिम सोही ऐनको दफा २२ बमोजिम मतियारको कसुर गरेको ठहर गरी मुख्य प्रतिवादीलाई सरह २ बर्ष कैद र बिगो बमोजिम जरिबाना समेत गरेको देखिएको। प्रतिवादीहरुले राष्ट्रसेवक कर्मचारीहरुलाई गैरकानूनी लाभ दिई अनुचित प्रभावमा पारी अन्य बिचका ब्यक्तिहरूसँग मिलोमतो गरी मोहीको हैसियतमा जग्गा प्राप्त गर्ने भूमिकामा रही आफूहरुलाई प्रत्यक्ष लाभ पुऱ्याउने र नेपाल सरकारलाई हानि नोक्सानी पुऱ्याएको। आरोपदावी बमोजिम मुख्य कसुरदार कायम गरी सजाय गर्नुपर्नेमा मतियार कायम गरी सजाय गरेको विशेष अदालतको फैसला प्रस्तुत मुद्दाको तथ्य, सवूद प्रमाण र प्रतिवादीको कसूरमा सम्लग्नताका आधारको न्यायोचित नरहेको। साथै भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ तथा दफा २२ को कानूनी व्यवस्थाको अबलम्बन र व्याख्यामा समेत त्रुटी रहेको हुँदा उक्त फैसला सो हदसम्म बदरभागी रहेको।
- प्रतिवादी दीप बस्न्यात र छविराज पन्तले सो जग्गामा उनाउ ब्यक्तिहरूलाई मोही कायम गरी सट्टा भर्ना दिने र सो जग्गामा उनाउ ब्यक्तिहरुलाई मोही कायम गर्ने प्रयोजनको लागि मन्त्रिपरिषद्मा प्रस्ताव पेश गर्नका लागि गलत लिखत तयार गर्ने समेतको कार्य गरेको मिशिल संलग्न प्रमाणबाट पुष्टि हुन आएको। दीप बस्न्यातले उल्लिखित सरकारी सार्बजनिक जग्गा मस्यौट हुने गरी ब्यक्ति बिशेषका नाममा रहेका घडेरीमा ८ मिटर चौडा बाटो खोल्ने प्रयोजनको लागि मन्त्रिपरिषद्मा पेश गर्नका लागि गलत लिखत (प्रस्ताव) तयार गर्ने र पेश गर्ने समेतका गैरकानूनी कार्य गरी-गराई नेपाल सरकारलाई प्रत्यक्ष हानिनोक्सानी र ब्यक्ति बिशेषलाई प्रत्यक्ष लाभ पुऱ्याई भ्रष्टाचार गरेको देखिएको। प्रतिवादी दीप बस्न्यातले अदालत समक्ष उपस्थित भइ बयान गर्दा बिशिष्ट

व्यक्तिहरूको निवास बिस्तार गर्नको लागि तल्लो निकायबाट पेश भएको टिप्पणी बमोजिम पेश भएको हो। म स्वंयम सरकारी सार्वजनिक सम्पत्ति गैर कानूनी रूपमा आफ्नो वा अरूको नाममा दर्ता भोग चलन गर्ने गराउने कार्य गरेको छैन भनी कसुरमा ईन्कार गरी बयान गरेपनि ललिता निवास भित्रको सरकारी जग्गा हिनामिना भएको विषयमा शारदाप्रसाद त्रितालको संयोजकत्वमा छानबिन भई यी प्रतिवादी समेतको कसूरमा संलग्नता रहेको भन्ने प्रष्ट प्रतिबेदन दिएको देखिएको। प्रतिवादी दीप बस्न्यात भौतिक योजना तथा निर्माण मन्त्रालयमा सचिवको हैसियतमा कार्यरत रही प्रधानमन्त्री निवास बिस्तार गर्ने सम्बन्धमा तयार भएको गुरूयोजना बमोजिमको प्रस्ताव मन्त्रिपरिषद्मा पेश गरेको र उल्लिखित प्रस्तावहरूमा भएको दस्तखत मेरो हो भनी स्वीकार गरी बयान गरेको।प्रधानमन्त्री निवास बिस्तार गर्ने सम्बन्धी प्रस्ताव र सो सम्बन्धी टिप्पणी फाइलमा प्रतिवादीले मन्त्रिपरिषद्मा प्रस्ताव पेश गर्दा सरकारी स्वामित्वको जग्गा व्यक्ति विशेषको हक नपुग्ने भन्ने तथ्य जानी बुझी बदनियत पूर्वक गैरकानूनी लाभ लिई दिई दिलाई व्यक्ति विशेषका नाममा जग्गा सट्टा भर्ना दिने विषयमा आफ्नै निर्देशनमा प्रस्ताव तयार गरी गराई सोही प्रस्ताव आफैले पेश गरी उक्त प्रस्ताव तत्कालीन उपप्रधानमन्त्रीबाट मिति २०६६।१२।१९ मा सदर गराएको।प्रतिवादी छबिराज पन्तले समेत अदालतमा बयान गर्दा सचिवको हैसियतले नेपाल सरकार मन्त्रिपरिषद्बाट भएका मिति २०६६।१२।२९ र २०६७।१।३१ का निर्णयहरू कार्यान्वयन गर्नको लागि सम्बन्धित निकायमा पठाउने कार्य गरेको हो र भूमिसुधार मन्त्रीबाट मिति २०६७।०१।२७ मा भएको निर्णय र सो को आधारमा आवश्यक निर्णय र निर्देशनका लागि मिति २०६७।०१।३१ को निर्णयका आधारमा सम्बन्धित कार्यालयमा आबश्यक निर्देशन गएको हो भन्ने समेत ब्यहोराको तथ्य स्वीकार गरी बयान गरेको। यसरी प्रतिवादीहरुले बयानको क्रममा सरकारी जग्गा हिनामिना गरेको होईन छैन भनी ओठे जवाफका रुपमा बयान गरेपनि प्रतिवादीहरूले तयार गरेको प्रस्ताव मन्त्रिपरिषद्बाट स्वीकृत गरेको कारण नै सरकारी जग्गा उनाउ ब्यक्तिहरू मोही कायम भएको र ब्यक्ति बिशेषको नाममा सट्टा भर्ना भएको देखिएबाट प्रतिवादीहरु उपरको दफा १७ बमोजिम ललिता निवासको सरकारी सम्पत्ति हिनामिना गरेको कसुर पुष्टि भएको। सरकारी सार्बजनिक जग्गा मस्यौट हुने गरी ब्यक्ति बिशेषका घडेरीमा ८ मिटर चौडा बाटो खोल्ने प्रयोजनको लागि मन्त्रिपरिषद्मा पेश गर्नका लागि गलत लिखत (प्रस्ताव) तयार गर्ने र पेश गर्ने समेतका गैरकानूनी कार्य गरी-गराई नेपाल सरकारलाई प्रत्यक्ष हानिनोक्सानी र ब्यक्ति बिशेषलाई प्रत्यक्ष लाभ पुऱ्याई आरोप माग दावी बमोजिमको कसुर गरेको मिसिल सम्लग्न सवूद प्रमाणबाट पुष्टि भएको।

प्रतिवादीहरूलाई दफा १७ बमोजिमको आरोप माग दावी लिएकोमा सो सम्बन्धमा बादी दावी नपुग्ने ठहर गरी फैसला भएको छ। दफा १७ बमोजिमको कसुर कायम हुन सरकारी सम्पत्ति हिनामिनाको कार्य राष्ट्रसेवकले गरेको देखिनुपर्ने, सरकारी सम्पत्ति वास्तविक सम्पत्ति रहेको देखिनुपर्ने, सम्बन्धित सम्पत्ति संरक्षण गर्ने राष्ट्रसेवकको ओहोदाको कर्तव्य रहेको देखिनुपर्ने, सरकारी सम्पत्ति हिनामिना, हानि नोक्सानी वा दुरुपयोग गरे गराएको वा निजी प्रयोगमा लगाएको देखिनुपर्ने, राष्ट्रसेवकले अनुचित लाभ लिने वा दिने वदनियत गरेको देखिनुपर्ने, वदनियत पुष्टि हुन प्रतिवादीहरुले गैरकानूनी लाभ लिएको वा दिएको देखिनुपर्ने भन्ने कसुरजन्य कार्य(Actus reus)हुनपर्ने देखिन्छ। प्रतिवादीहरूले अन्य प्रतिवादीहरूसँग मिलोमतो गरी बिशिष्ट ब्यक्तिहरूको निवास बिस्तार गर्ने नाममा ललितानिवास क्याम्प भित्रको समग्र जग्गाहरु नेपाल सरकारले अधिग्रहण गरि सकेका नेपाल सरकारको स्वामित्वमा आएको ललिता निवास क्याम्प भित्रको नेपाल सरकार समरजंग कम्पनीको नाउँमा दर्ता कायम रहेको जग्गाधनी दर्ता श्रेस्ता कट्टा गरी उनाउ ब्यक्तिलाई मोही कायम गरी जग्गा बाटो बिस्तारको नाममा जग्गा सट्टापट्टा गर्ने गरी ब्यक्ति विशेषको नाममा जग्गा कायम गर्ने जस्तो सरकारी सार्बजनिक सम्पत्तिको हानिनोक्सानी गर्ने गराउने उदेश्यले सोचि सम्झि गरेको प्रपन्चयुक्त कार्यले नेपाल सरकारलाई प्रत्यक्ष हानि नोक्सानी पुगेको र व्यक्ति बिशेषलाई प्रत्यक्ष फाईदा वा लाभ पुगेको देखिँदा उल्लिखित कसुरजन्य कार्य गरेको र सो कार्य बदनियतपूर्वक आफ्नो ओहोदाको वा सोसम्बन्धी कर्तव्य पालन नगर्दा परिणाम स्वरुप सरकारी जग्गा हानिनोक्सानी भएको हुँदा आरोप माग दावी बमोजिमको कसुर पुष्टि भईरहेको अवस्थामा दफा १७ बमोजिमको आरोप माग दावी पुग्न सक्दैन भनी फैसला गर्न मिल्ने होईन।

प्रतिवादी दीप बस्न्यात भौतिक योजना तथा निर्माण मन्त्रालयका तत्कालीन सचिव रहेको र छविराज पन्त तत्कालीन भूमिसुधार तथा व्यवस्था मन्त्रालयका सचिव रहेका यी प्रतिवादीहरू विशिष्ट श्रेणीको ओहदामा रहेका व्यक्तिले कुनै भ्रष्टाचारजन्य कसुर गरेको ठहर भएमा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २४ बमोजिम थप सजाय गरी सजाय गर्नुपर्नेमा उक्त दफा बमोजिमको कसुर गरे नगरेको सम्बन्धमा कुनै बिबेचना नगरी र दफा ९ बमोजिमको कसूर र सजाय निर्धारण समेतका माग दावीका सम्बन्धमा कुनै बिबेचना नगरी दफा १७ बमोजिमको दावी पुग्न नसक्ने भन्ने उल्लेख गरी फैसलामा कुनै आधार कारण नखुलाई दफा ८(१)(ज) बमोजिम मात्र सजाय गर्ने गरी भएको फैसला सो हदसम्म त्रुटिपूर्ण रही बदरभागी रहेको।

- प्रतिवादीहरु मालपोत कार्यालय डिल्लीबजारका तत्कालीन प्रमुख मालपोत अधिकृत प्रेम बहादुर खापुङ, खरिदार अर्जुन कुमार खतिवडा, भुमिसुधार अधिकारी शंकरप्रसाद सुवेदी, नायब सुब्बा अंगुर कुमार सिग्देल, नायब सुब्बा केदार प्रसाद श्रेष्ठलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८(१)(ज) र १७ ले निर्देश गरेबमोजिम दफा ३(१) र दफा ३(१) को खण्ड (झ) बमोजिमको सजायमा सोही ऐनको दफा २२ बमोजिम सजायको मागदावी लिई अभियोग मादावी गरिएकोमा कसुर गरेको ठहर गरी अन्य मुख्य प्रतिवादीहरू समान सजाय गरेको देखिएपनि ऐनको दफा २२ को प्रतिबन्धात्मक बाक्यांश बमोजिम कसुर कायम नगरेको र बिगो प्रतिब्यक्ति कायम गरी सजाय गर्नुपर्नेमा सो नगरिएको। प्रतिवादीहरूले कानूनी ब्यवस्थाहरूको पालना बेगर नै २ नं. अनुसूचीको आधारमा मात्र मोही कायम रहेको निष्कर्ष निकाली दिशान्तर गरेको। झुट्टा मोहीको झुट्टा गलत लगत बनाउने सर्जक रहेको देखिएको। आफ्नो क्षेत्राधिकार रहेको विषयमा कानून विपरीत अपार्दर्शी तवरले मोही कायम रहेको विवरण पठाएको कार्यबाट नेपाल सरकारलाई हानिनोक्सानी र अन्य प्रतिवादीहरूलाई तथा आफूहरुलाई गैरकानूनी लाभ लिने दिने कार्य गरेको देखिंदा मिसिल संलग्न सबूद प्रमाणको उचित मूल्याङ्कन नगरी भएको फैसला त्रुटिपूर्ण रहेको।
- प्रतिवादीहरू मालपोत कार्यालय डिल्लीबजारका प्रमुख मालपोत अधिकृत प्रेम बहादुर खापुङ र ना.सु. अर्जुन खतिवडाले कानून विपरीत विषयबस्तुको ज्ञान र बिज्ञता विपरीत ओहदाको दुरूपयोग गरी कानून बमोजिम हक कायम नभएका व्यक्तिहरूलाई मोही विवरण पठाएको हुँदा नेपाल सरकार र ब्यक्ति बिशेषलाई गैरकानूनी लाभ पुऱ्याउने बदनियतले कार्य गरेको पुष्टि भएको हुँदा आरोप मागदावी बमोजिमको मतियारको कसुर गरेको पुष्टि हुँदा हुँदै दफा ८(१) बमोजिमको मागदावी कायम गरी भएको फैसला हाम्रो न्यायिक अभ्यास, कानूनी सिद्धान्त प्रतिकूल देखिएको। यसर्थ फैसलामा उल्लिखित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ र दफा ८(१) र दफा २२ को कानूनी त्रुटिपूर्ण ब्याख्या विश्लेषण गरी फैसला भएको हुँदा उक्त फैसला त्रुटिपूर्ण रहेको।
- प्रतिवादी जीत बहादुर थापाले सरकारी स्वामित्वमा रहिरहेको सरकारी र साविकदेखि नै बाटो तथा राजकुलोको रूपमा रहेको सरकारी सार्वजनिक जग्गा अनाधिकृत व्यक्तिहरूलाई मोही कायम गरी सट्टा भर्ना दिने र सो जग्गामा १७ जना उनाउ ब्यक्तिहरूलाई मोही कायम गर्ने प्रयोजनको लागि मन्त्रिपरिषद्मा प्रस्ताव पेस गर्नको लागि झुट्टा तथा गलत लिखत तयार गर्ने कार्य गरेको। निजले मौकामा बयान गर्दा समेत बिशिष्ट व्यक्तिहरूको आवास विस्तार गर्ने गुरूयोजना सहितको फाईल अगाडि बढाउन प्रस्ताव तथा टिप्पणी पेस भएको फायलमा दस्तखत गरी पेश गरेको हो भनी बयान गरेको। अदालतमा उपस्थित भई बयान गर्दा कसुर गरेकोमा ईन्कार गरी बयान गरेपनि बिशिष्ट ब्यक्तिहरूको आवास बिस्तार गर्ने गुरूयोजनाको फाईल अगाडी बडाएको सम्दर्भमा अन्यथा भन्न नसकेको।बयानको क्रममा भूमिसुधार तथा ब्यवस्था मन्त्रालयबाट काठमाण्डौ जिल्ला का.म.न.पा.४ बालुवाटार स्थित बिशिष्ट ब्यक्तिहरूको सरकारी निवास भवन परिसर क्षेत्रको जग्गा प्राप्त गर्ने सम्बन्धी मिति २०६७।०१।२७ मा टिप्पणी सदर भएको फाईलमा मिति २०६७।०१।२६ मा सह-सचिवको हैसियतले गरेको हस्ताक्षर मेरो हो भनी सनाखत गरेको। यसरी मिसिल संलग्न कागज प्रमाणबाट उक्त फायल टिप्पणी उठाउने तथा निर्णयको प्रस्ताव तयार गर्ने अन्य प्रतिवादीहरुका हकमा उनै प्रमाणका आधारमा कसूर कायम हुने र यी प्रतिवादीका हकमा कसूर ठहर गर्न प्रमाण पुग्न नसक्ने भन्ने फैसला प्रमाणको मुल्यांकनको रोहमा त्रुटिपूर्ण रहेको।

- प्रतिवादी चन्द्रदेव जोशीले सरकारी जग्गा उनाउ ब्यक्तिहरूलाई मोही कायम गर्ने प्रयोजनको लागि मन्त्रिपरिषद्मा पेस गर्नको लागि प्रस्ताव तयार गरी आफू समक्ष पेश भएको प्रस्ताव विभागीय मन्त्रीको हैसियतले स्वीकृत गर्ने समेतका गैरकानूनी कार्य गरेको। प्रस्ताव पेश गर्ने उक्त मन्त्रालयका सह-सचिव तेजराज पाण्डेलाई सजाय भएको। प्रस्ताव तयार गर्ने ब्यक्ति कर्मचारी भएको हुँदा उक्त कार्य कसुर भई सजाय हुने र उक्त प्रस्तावको अन्तिम स्वीकृत गर्ने ब्यक्ति राजनीतिज्ञ भएको कारण उन्मुक्ति पाउने भन्न नमिल्ने। सम्मानित अदालतबाट फैसला हुँदा प्रतिवादीले गुठी संस्थानको निर्णय बमोजिम प्रस्ताव मन्त्रिपरिषद्मा पेश गर्न स्वीकृति दिएको वा सोको लागि सहजिकरण सम्म गरेको देखियो भन्ने समेतको आधार लिई सफाई दिएको। प्रतिवादी चन्द्रदेव जोशीलाई सचिवले पेश गरेको प्रस्तावलाई स्वीकृत गर्नुपर्ने दायित्व रहेको भन्दैमा कानून विपरीत आएको प्रस्तावलाई स्वीकृत गर्नुपर्छ भन्ने होईन। कानून विपरीत आएको प्रस्तावलाई रोक्नु पर्ने दायित्व पनि निहित रहेको। बिभागीय मन्त्री भएको हुँदा मन्त्रालयगत गर्नु पर्ने हरेक कार्यको बैधताको जाँच गर्नु पर्ने जिम्मेवारी नरहेको भन्ने अर्थ लगाई सफाई दिन नमिल्ने। अख्तियार दुरूपयोगको विषयमा अख्तियार दुरूपयोग अनुसन्धान आयोगले मन्त्रिपरिषद्को सदस्य उपर कारवाही चलाउन दफा ४ को उपदफा (४) को ब्यबस्थाले बाधा नदिने हुँदा अरू बिबेचना गर्नु परेन" (ने.का.प.२०५३ नि.नं. ६२०५) भन्ने कानूनी सिद्धान्त प्रतिपादन भएको। प्रतिपादित सिद्धान्त बमोजिम यदि कुनै मन्त्रीले गरेको निर्णयमा लापरवाही मोलाहिजा, स्वेच्छाचारिता बेवास्ता अक्षमता ईत्यादी देखिएमा भ्रष्टाचारमा कारवाही हुने प्रष्ट ब्याख्या गरेको।

ललिता निवास क्याम्पभित्रको साविक हाडिगाँउ मौजा हा.नं. ४५६ को लगत भीड्ने सरकारले कानून बमोजिम अधिग्रहण गरी सम्बन्धित जग्गाधनीहरुलाई कानून बमोजिमको सुनुवाईको मौका र क्षतिपूर्ति समेत दिई प्राप्त गरी सरकारी स्वामित्वमा नै रहिरहेको सरकारी र बाटो तथा राजकुलो समेतका सरकारी सार्बजनिक जग्गा हो भन्ने कुरा जानी बुझी गैरकानूनी लाभ लिई मोहीका हकवाला हुँ भनी दावी गर्ने ब्यक्तिहरूले गुठी कायम गरी जग्गाधनी दर्ता प्रमाण पुर्जा पाऊ भनी गुठी संस्थानमा दिएको निबेदनको आधारमा टिप्पणी उठाउदै नेपाल सरकारमा प्रस्ताव पेश गर्ने प्रयोजनार्थ पेश भएको प्रस्तावलाई यी प्रतिवादीले समेत सरकारी स्वीकृत गरी मन्त्रिपरिषद्मा पेश गर्ने स्वीकृति प्रदान गरेको। टिप्पणी पेश गर्ने तह तहका कर्मचारीले उक्त प्रस्ताव तयार गरेको आधारमा नेपाल सरकालाई प्रत्यक्ष हानि नोक्सानी तथा ब्यक्ति बिशेषलाई प्रत्यक्ष लाभ पुऱ्याउने बद्दिनयत रहेको भनी सजाय भएकोमा उक्त टिप्पणी प्रस्तावलाई मन्त्रिपरिषद्मा पेश गर्नलाई स्वीकृत गर्ने अन्तिम अधिकारीले उक्मुक्ति पाउने भन्ने फैसला न्यायोचित देखिदैन। मन्त्रिपरिषद्मा पेश गर्नको लागि प्राप्त प्रस्ताव कानून बमोजिम भए नभएको जाँच गरी कानून बमोजिम भएमा मात्र उक्त प्रस्ताव मन्त्रिपरिषद्मा पेश गर्नको लागि स्वीकृत गर्ने नैतिक एवं कानूनी दायित्व यी प्रतिवादीमा देखिन्छ। सम्मानित सर्बोच्च अदालतबाट "प्रचलित कानून विपरीत नहुने र कसैको हक अधिकारबाट हनन नहुने काम बाहेक मन्त्रिपरिषद्ले वा मन्त्रीले अन्य सम्पूर्ण नीतिगत निर्णय गर्न सक्छन। तर यसमा बिवाद हुदैन तर मन्त्रिपरिषद् वा मन्त्री कार्यकारी अधिकार सम्पन्न र नीतिगत निर्णय गर्न सक्षम भएपनि मन्त्रिपरिषद् वा मन्त्रीले गर्ने निर्णय कानून अनुकुल, तर्कसँगत, जायज, मनासिव र कारणले समर्थित हुनुपर्छ। यदि मन्त्रिपरिषद्को वा मन्त्रीको कुनै निर्णयलाई समर्थन गर्न कानूनी आधार छैन भने त्यस्तो निर्णय यस अदालत समक्ष संबैधानिक परीक्षण हुँदा अड्न सक्दैन" (ने.का.प. २०६७ अंख ६ नि.नं. ८३९२) भन्ने सिद्धान्त प्रतिपादन भएको छ। प्रचलित कानून विपरीत कार्यकारिणी निर्णयबाट सरकारी सार्बजनिक जग्गालाई अस्तित्वमा नै नरहेको टिकिन्छा गुठीको नाममा कायम गरी उक्त जग्गामा उनाउ व्यक्तिलाई मोही कायम गरी सरकारी जग्गा ब्यक्ति बिशेषलाई उपलब्ध गराई व्यक्ति तथा आफूलाई फाईदा हुने गरी तयार गरिएको प्रस्तावलाई बिना अध्ययन कानून विपरीत स्वीकृत गर्ने कार्य आफैमा बदनियत पुष्टि गर्ने तत्व रहेको देखिन्छ। प्रतिवादी चन्द्रदेव जोशीले मौकामा अधिकार प्राप्त अधिकारी समक्ष बयान गर्दा मिति २०६९।६।१८ मा भएको नेपाल सरकार मन्त्रिपरिषद्मा प्रस्ताव पेश गर्न मन्त्रीको हैसियतले स्वीकृत गरेको उक्त दस्तखत मेरो हो। आफ्नै मन्त्रालयको सचिव दिनेश अधिकारीले कानून सम्मत भनी राय दिएको हुँदा नेपाल सरकार मन्त्रिपरिषद्मा प्रस्ताव पेश गर्न स्वीकृत दिएको भनी बयान गरेका छन। यसर्थ यी प्रतिवादी समेतको मिलोमतोमा उक्त प्रस्ताव तयार गरी

स्वीकृत गरी मन्त्रिपरिषद्मा पेस गरेको भन्ने मिसिल संलग्न कागज प्रमाणबाट देखिदा देखिदै बदनियत पूर्वक मन्त्रिपरिषद्को बैठकमा प्रस्ताब पेश गरेको देखिएन भन्ने समेत आधार लिई गरेको फैसला मिसिल संलग्न तथ्य प्रमाण आरोपित कानूनी व्यवस्थाको अबलम्बन बिश्लेशण र प्रतिपादित ब्याख्याको प्रतिकुल हुँदा उक्त फैसला त्रुटिपूर्ण रही बदारभागी रहेको।

- प्रतिवादी दिनेशहरि अधिकारीले भिड्दै नभिडेको उनाउ लगतको आधारमा सरकारी जग्गा गुठीको नाममा कायम गर्न स्वीकृतिको लागि भनी गुठी संस्थानबाट भूमिसुधार तथा व्यबस्था मन्त्रालयमा पेश भएको फाईलमा उल्लिखित ३० रोपनी जति जग्गा प्रधानमन्त्री निवास बिस्तारमा परिसकेको भनी साविक हाँडिगाउँ मौजा हा.नं. ४५६ को लगत भिडने ललिता निवास क्याम्पभित्रको तत्कालीन सरकारले जग्गा प्राप्ति ऐन अनुसारको प्रक्रिया पूरा गरी अधिग्रहण गरेका बिभिन्न कित्ता जग्गाहरू मध्ये जिल्ला काठमान्डौ नगर २३ क्ष कि.नं. ७३,ऐ.ऐ. वडा नं. २३ ह कि.नं.२२,३१ र ३५ का जग्गाहरूको नेपाल सरकार समरजंग कम्पनीको नामको जग्गाधनी दर्ता श्रेस्ता खारेज गरी पशुपति टिकिन्छा गुठी कायम गर्ने स्वीकृतिका लागि मन्त्रिपरिषद्मा प्रस्ताव पेश गर्न भनी आफू समक्ष पेश भएको राय सहितको टिप्पणिलाई ग्रहण गरी निर्णय गरेको। जसको कारण मन्त्रिपरिषद्बाट उक्त जग्गा टिकिन्छा गुठीको नाममा कायम भई उक्त जग्गामा मोही कायम हुने भन्ने निर्णय भएको। यसरी उल्लिखित सवूद प्रमाण र बदनियत पूर्वकका कसूरजन्य कार्यको कुनै अध्ययन विश्लेषण तथा विवेचना नगरी उही कार्य गर्ने उही दर्जाको एक व्यक्ति कसूरदार ठहर गर्ने र उही कार्य गर्ने यी प्रतिवादीलाई सफाई दिने गरी भएको फैसला न्यायको रोहमा विभेदपूर्ण एवं बिचलित हुँदा बदरभागी रहेको।

प्रतिवादीले आफू समक्ष पेश हुन आएको प्रस्ताव कानून बमोजिम भए नभएको जाँच बुझ गरी मात्र उक्त प्रस्तावलाई स्वीकृत गरी बिभागीय मन्त्रीकोमा पेश गरी तत्पश्चात मात्र मन्त्रिपरिषद्मा पेश गर्ने कानूनी दायित्व यी प्रतिवादीमा रहने हुँदा उक्त दायित्वबाट पन्छिन मिल्दैन। यसरी कार्यकारिणि सर्बोच्चताको आड लिएर मन्त्रिपरिषद्को सामूहिक निर्णयमा अख्तियार दुरूपयोग अनुसन्धान आयोगले अनुसन्धान गर्ने क्षेत्राधिकार नपुग्ने कानूनी रक्षा कवच उपयोग गर्दै प्रशासनिक निर्णयबाट कानूनी हक सिर्जना गरेबाट समेत प्रशासनिक तहमा रहेका प्रतिवादी दिनेशहरि अधिकारीले गरेको कार्यको राष्ट्रसेवकको बदनियत पुष्टि भएको मिशिल संलग्न कागजबाट देखिदा देखिदै सफाई दिने गरी भएको फैसला भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८(१)(ज),दफा ९ र दफा १७ र दफा २४ को कानूनी ब्याख्या विश्लेषण, मिसिल सम्लग्न सवूद प्रमाण, प्रतिवादीहरु बीच गरेको सवूद प्रमाणहरुको विभेदकारी मूल्याङ्कन विश्लेषण तथा फैसला आधारबाटै यी प्रतिवादीका हकमा भएको फैसला सरासर त्रुटिपूर्ण रही बदरभागी रहेको।

- प्रतिवादीहरू हरिबोल आचार्य, रामेश्वर विडारी, हेमराज सुबेदी, तेजराज पाण्डे, तुलसी पोखरेल, हरिप्रसाद जोशी, नवराज पौडेल,जयप्रसाद रेग्मी,शैलेन्द्र पौडेल,फणिन्द्र प्रसाद दाहाल,मणिकुमाररना,बद्रि बहादुर कार्की, लक्ष्मीनारायण उप्रेती, दिनेश प्रसाद शर्माका हकमाः-प्रतिवादीहरू हरिबोल आचार्य,रामेश्वर विडारी,सेवन्तराज चापागाई,हेमराज सुबेदी,तेजराज पाण्डे,तुलसी पोखरेल,हरिप्रसाद जोशी,बलिराम प्रसाद तेली, दिलिप कुमार भट्ट, नवराज पौडेल,जयप्रसाद रेग्मी,शैलेन्द्र पौडेल,फणिन्द्र प्रसाद दाहाल,मणिकुमार राना,बद्रि बहादुर कार्की, लक्ष्मीनारायण उप्रेती,दिनेश प्रसाद शर्माले ललितानिवास क्याम्प भित्रको साविक हाँडिगाउँ मौजा हा.नं. ४५६ को लगत भिड्ने सरकारले कानून बमोजिम अधिग्रहण गरी सम्बन्धित जग्गाधनीहरूलाई कानून बमोजिमको सुनुवाईको मौका र क्षतिपूर्ति समेत दिई तत्कालीन मौजुदा जग्गा प्राप्ति ऐन नियम बमोजिम जग्गा प्राप्त गरेको र सरकारी स्वामित्वमा नै रहिरहेको समरजंग कम्पनीको नामको जग्गाधनी श्रेस्ताको लगत कट्टा गरी उनाउ टिकिन्छा गुठीको नाममा गैरकानूनी रूपमा नामसारी दर्ता गरी गराई अनाधिकृत व्यक्तिहरूको नाममा मोही कायम गरी नेपाल सरकारलाई प्रत्यक्ष हानिनोक्सानी तथा ब्यक्ति बिशेषलाई प्रत्यक्ष लाभ पुऱ्याउने कार्य गरी भ्रष्टाचारजन्य कसुर गरेको पुष्टि भएको।यसरी हुँदै नभएका तथ्य गुठी संस्थानका प्रशासक एवं कर्मचारीहरुले मालपोत कार्यालय तथा नापी कार्यालय समेतका कर्मचारी एवं मन्त्रालय सम्मका पदाधिकारी कमर्चारी प्रतिवादीहरुले एक आपसको मिलेमतोमा उजागर गरी गराई निर्णय गर्ने गराउने तथा गुठी र मालपोत कार्यालय बीच पत्राचार गर्ने गराउने कसूरजन्य काम भएको तथ्य आफैमा प्रष्ट

छ। यि यस्ता तथ्य र सो तथ्य पुष्टी गर्ने सवूद प्रमाणको न्यायोचित विश्लेषण नगरी भएको विशेष अदालतको फैसला त्रुटिपूर्ण रहेको।

प्रतिवादीहरूले अन्य प्रतिवादीहरूसँग मिलोमतो गरी पवित्र उद्देश्यले खडा भएको गुठीको महत्व र पवित्रतालाई रक्षाकवच बनाई निजी स्वार्थ सिद्धीका लागि नापीका बखत भरिएको क्षेत्रीय दर्ता किताव वा फिल्डबुकमा गुठी भनेर उल्लेख नै नभएको ललिता निवास क्याम्प भित्रको समग्र जग्गाहरु नेपाल सरकारले अधिग्रहण गरिसकेका नेपाल सरकारको स्वामित्वमा आएको ललितानिवास क्याम्प भित्रको नेपाल सरकार समरजंग कम्पनीको नाउँमा दर्ता कायम रहेको जग्गाधनी दर्ता श्रेस्ता कट्टा गरी जे जसरी भएपनि गुठीको श्रेस्ता कायम गर्ने र मोहीको हकदार हौं भनी आएका व्यक्तिहरूलाई गैरकानूनी लाभ लिई दिई दिलाई मोहीयानी हकको प्रमाणपत्र दिने दिलाउने उदेश्यले सोचि सम्झि गरेको प्रपन्चयुक्त कसूरजन्य कार्यले नेपाल सरकारलाई प्रत्यक्ष हानि नोक्सानी पुगेको र व्यक्ति बिशेषलाई प्रत्यक्ष गैरकानूनी फाईदा वा लाभ पुगेको देखिदा आरोप माग दावी बमोजिमको कसुर गरेको पुष्टि भएको हुँदा आरोप माग दावी बमोजिम ऐनको दफा ८(१) र दफा १७ बमोजिम उल्लिखित प्रतिवादीहरुलाई सजाय गर्नु पर्नेमा दफा ८(१) बमोजिम सजाय गरेको विशेष अदालतको फैसला सो हदसम्म त्रुटिपूर्ण रही बदरभागी रहेको।

- प्रतिवादीहरु सेमन्तराज चापागाई, वलिराम प्रसाद तेली र दिलिप कुमार भट्ट का हकमा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ र दफा २४ बमोजिम थप सजाय गर्नु पर्नेमा फैसलामा सो मागदावीका विषयमा कुनै विवेचना नै नगरी कसूर ठहर नगरी एवं थप सजाय हुनु नपर्ने कुनै कुरा नबोली भएको विशेष अदालतको सो हदसम्मको त्रुटिपूर्ण फैसला बदर भागी रहेको। प्रतिवादीहरूलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ को कसुर कायम गरी सजाय भएको अवस्था छैन। उक्त दफा १७ को कसुर कायम हुन सरकारी सम्पत्ति हिनामिनाको कार्य राष्ट्रसेवकले गरेको देखिएको, सरकारी सम्पत्ति वास्तविक सम्पत्ति रहेको देखिएको, सम्बन्धित सम्पत्ति संरक्षण गर्ने राष्ट्रसेवकको ओहोदाको कर्तव्य रहेको तथ्यमा विवाद नभएको, ललिता निवास क्याम्पभित्रको सरकारी सम्पत्ति हिनामिना, हानि नोक्सानी वा दुरुपयोग गरे गराएको वा निजी प्रयोगमा लगाएको देखिएको, राष्ट्रसेवकले अनुचित लाभ लिने वा दिने वदनियत गरेको देखिएको, वदनियत पुष्टि हुन प्रतिवादीहरुले गैरकानूनी लाभ लिएको वा दिएको देखिएको भन्ने कसुरजन्य कार्य(Actus reus)मिसिल सम्लग्न सवूद प्रमाणबाट व्यक्ति विशेष कसैको हक नपुग्ने उक्त जग्गा प्रतिवादीहरुको एक आपसको मिलेमतोबाट विभिन्न व्यक्ति विशेषको नाममा दर्ता गरी हक हस्तान्तरण भएको माथि उल्लिखित सवूद प्रमाणबाट देखिएको। प्रतिवादीहरुले गरेको र सो कार्य बदनियतपूर्वक आफ्नो ओहोदाको वा सोसम्बन्धी कर्तव्य पालन नगर्दा परिणाम स्वरुप गुठी कायम गरी हालसाविक गरी हक हस्तान्तरण भएको सवूद प्रमाणबाट देखिएको।
- प्रतिवादी संजय कुमार महर्जन, श्रीमती मोहन महर्जन, सकुलानन्द महर्जनका हकमा जरिवाना हुने भनी फैसला गर्दा सम्मानित अदालतबाट फैसलाको ठहर खण्डमा प्रतिवादीले के कुन कानूनको उल्लंघन गरी के कुन कानून अनुसार सजाय हुने भन्ने कुनै बिबेचना नै नगरी तपशिल खण्डमा मात्र उल्लेख गरेको देखिदा प्रतिवादीले गरेको कसुरको उल्लेख नगरी फैसलाको ठहर खण्डमा बिबेचना नगरी तपशिल खण्डमा मात्र उल्लेख गर्नु कानूनी त्रुटिरहेको। ठहर खण्डमा उल्लेख नभएको सजाय तपशिल खण्डमा उल्लेख भएकै आधारमा कार्यान्वन गर्न मिल्ने नदेखिएको। सम्मानित सर्वोच्च अदालतबाट समेत फैसलाको तपशिल खण्डमा उल्लेख नगरेको विषय तपशिल खण्डमा उल्लेख गर्न नमिल्ने भनी सिद्धान्त प्रतिपादन भएको छ "फैसलाको ठहर खण्ड नै अदालतको निर्णय हो सो निर्णयलाई कार्यान्वयन गर्न तथा निर्णयबाट स्वभाविक रूपमा निस्कने कोटफी, फिर्ता, दण्ड जरिवाना, बिगो आदि कार्यान्वयन गर्नलाई सहयोग पुऱ्याउन तपशिल खण्ड लेखिन्छ। तपशिल खण्डले निर्णयको स्थान लिन नसक्ने। ठहर खण्ड र तपशिल खण्ड बाझिए ठहर खण्ड नै मान्य हुन्छ। ठहर खण्डमा उल्लेख नभएका वा बिबेचना नभएका कुरा तपशिल खण्डमा उल्लेख हुन सक्दैन। यदि भएको रहेछ भने त्यसले कुनै मान्यता पाउन नसक्ने। ठहर खण्डको विपरीत वा सो वाझिने गरी तपसिल खण्ड लेखेमा कानून विपरीत हुन्छ। तपशिल खण्डमा भएको सामान्य भाषिक त्रुटि, लेखाई वा टाईपको गल्ती

वा कुनै शब्द ठहर खण्ड भन्दा भिन्न हुन गएमा ठहर खण्ड विपरीत नहुने गरी सच्चाउन वा सुधार गर्न सकिन्छ। तर ईन्साफमा नै फरक हुने गरी ठहर खण्डमा लेखिएको निर्णयसँग बाझिने गरी विरोधाभास पूर्ण ढंगले लेखिएको तपशिल खण्डले मान्यता पाउन नसक्ने "(ने.का.प. २०६९ अंख १० नि.नं. ८९०७) भन्ने समेत सिद्धान्त प्रतिपादन भएको।

- प्रतिवादी संजय कुमार महर्जनले साविक नगर २३ "क्ष" कि.नं. ७३ हाल का.म.न.पा. ४ सिट नं. १२०-१०२५-१४ कित्ता नं. ४८ आफू समेतको नाममा मोही कायम गरेको,सकुलानन्द महर्जनले साविक नगर २३ क्ष कि.नं. ७३ हाल का.म.न.पा.४ सिट नं. १२०-१०२५-१४ कित्ता नं. ४८ आफू समेतको नाममा मोही कायम गरेको छन।मोहन महर्जनले साविक नगर २३ "क्ष" कि.नं. २२ हाल कायम का.म.न.पा.-४ सिट नं. १०२-१०२५-१५ कि.नं. २६७,२६२,२९५८,२५९ जग्गा आफ्नो नाममा मोही कायम गरेको देखिएको।प्रतिवादीहरूले राष्ट्रसेवक कर्मचारीलाई अनुचित प्रभावमा पारी ललिता निवास क्याम्पभित्रको सरकारी,सार्वजनिक जग्गा गैरकानूनी रूपमा आफू समेतको नाममा सट्टाभर्ना गरी गराई आफूलाई प्रत्यक्ष लाभ र नेपाल सरकारलाई प्रत्यक्ष हानि पुऱ्याउने कार्य गरेको देखिएको। प्रतिवादी मोहन महर्जनले मौकामा अधिकार प्राप्त अधिकारी समक्ष बयान गर्दा प्रतिवादी रामकुमार सुवेदीले के कसरी जग्गाको मोहीकायम गरी पूर्जा दिएको हो थाहा भएन भनेर इन्कार गरी बयान गरेपनि कुनै पनि व्यक्तिको संलग्नता बिना उनाउ व्यक्तिको नाममा जग्गा प्राप्त हुन सक्ने अवस्था समेत नदेखिएको।सकुलानन्द महर्जनले मौकामा बयान गर्दा टिकिन्छा गुठीको हो पुर्जा निकाल्नको लागि वारेस दिएको र राम कुमार सुबेदीले मोही कायम गराई सरकारी जग्गासमेत मोही कायम गरी आफ्नो र परिवारको नाममा ल्याए पछि थाहा पाएको हो भनी बयान गरेपनि टिकिन्छा गुठीको नामको जग्गामा मोही कायम गरी जग्गा पुर्जा गराउन वारेस राखेको देखिदा यी प्रतिवादीको समेत उक्त सरकारी सार्वजनिक सम्पत्ति आफ्नो नाममा ल्याउन प्रतिवादीहरूसँग मिलोमतो गरेको भन्ने पुष्टि हुन आएको। यसरी प्रतिवादीहरू समेतले राष्ट्रसेवक कर्मचारीलाई अनुचित प्रभाव पारी गैरकानूनी लाभ लिई दिई ललितानिवास क्याम्प भित्रको जग्गामा आफू मोही रहेको भनी झुट्टा व्यहोरा खडा गरी उल्लिखित जग्गाहरू आफ्नो नाममा कायम गरेको मिशिल संलग्न प्रमाणहरूबाट पुष्टि भएको स्थितिमा प्रतिवादीहरुले आरोप माग दावी बमोजिम कसुर गरेको ठहर गरी सजाय गर्नु पर्नेमा फैसलाको ठहर खण्डमा प्रतिवादी विरुद्धका सबूद प्रमाणको ब्याख्या विश्लेषण सहित कसूर ठहर गरी सोही कसूर ठहरका आधारमा दण्डको समेत बिबेचना हुनुपर्नेमा त्यसो नगरी फैसलाको ठहर खण्डमा आरोपदावी बमोजिमको कसूर ठहर नगरी तपशिल खण्डमा मात्र सजाय र जरिवाना उल्लेख गरी गरेको फैसला सो हदसम्म त्रुटिपूर्ण रही बदरभागी रहेको।

प्रवक्ता
नरहरि घिमिरे